# *आतोओडा* उपन्यासको विधातात्त्विक विश्लेषण

उपप्रा. डा. दीपकप्रसाद न्यौपाने
महेन्द्र बहुमुखी क्याम्पस, धरान।
tu.deepak31@gmail.com
https://doi.org/10.3126/gyandeep.v11i01.96620

## लेखसार

प्रस्तुत लेख जानुका खतिवडाद्वारा लिखित सामाजिक-यथार्थवादी उपन्यास *आतोओडा* (२०८१) को विधातात्त्वि विश्लेषणमा केन्द्रित छ। यस अध्ययनमा पूर्वी नेपालको झापा जिल्लामा बसोबास गर्ने सीमान्तकृत, अल्पसङ्ख्यक एवं भूमिहीन सन्थाल (सतार) समुदायको सङ्घर्षलाई मुख्य कथ्य बनाइएको प्रस्तुत उपन्यासमा विधागत अवयवहरूको संयोजन केकसरी भएको छ भन्ने कुरालाई समस्याका रूपमा निर्धारण गरिएको छ भने विधातत्त्वहरूको समङ्लुठन तथा यी तत्त्वहरूका माध्यमबाट व्यक्त भएको सौन्दर्यको विश्लेषणलाई यस अध्ययनको उद्देश्य बनाइएको छ। गुणात्मक अनुसन्धान पद्धति र पाठपरक विश्लेषणमा आधारित यस अध्ययनमा उपन्यासको मूल पाठलाई प्राथमिक स्रोत र सम्बद्ध समालोचनात्मक लेखहरूलाई द्वितीयक स्रोतका रूपमा ग्रहण गरिएको छ। परम्परागत रैखिक ढाँचाभन्दा फरक अतीत र वर्तमानको दोहोरो यात्रा गराउने पूर्वदीप्ति शिल्पको प्रयोग गरी सन्थाल जातिका जातीय तथा वर्गीय पहिचानको स्वरलाई उठाइएको तथ्यलाई यस लेखले अगाडि ल्याएको छ। व्यवस्था बदलिए पनि राज्यसत्ता, भूमाफिया र बजारिया टाठाबाठाहरूको षड्यन्त्रका कारण भुइँमान्छेहरू अझै पनि अनागरिक र सुकुम्बासी बन्नुपरेको कटु राजनीतिक विडम्बनालाई उपन्यासले विधागत अवयवहरूको कुशल संयोजनमार्फत उदाङ्गो पारेको निष्कर्ष यस लेखबाट प्राप्त भएको छ।

*शब्दकुञ्जी :* अनागरिकता, आतोओडा, विधातत्त्व, सन्थाल, सीमान्तीकरण, पूर्वदीप्ति शिल्प, प्रतिरोध

## विषयपरिचय

जानुका खतिवडाद्वारा रचना गरिएको *आतोओडा* पूर्वी नेपालको झापामा बसोबास गर्ने अल्पसंख्यक सन्थाल (सतार) समुदायको जातीय तथा वर्गीय समस्याको चित्रणमा केन्द्रित उपन्यासमा हो। आतो र ओडा दुई शब्दका बिचमा समास भएर बनेको सन्थाल भाषाको *आतोओडा*को अर्थ गाउँघर भन्ने हुन्छ। सन्थालहरूको रहनसहन एवम् आर्थिक विपन्नतालाई अभिव्यक्त गरी उनीहरूले सीमान्त नागरिकका रूपमा भोग्नु परेका पीडाहरूको प्रस्तुतिमा यो उपन्यास केन्द्रित छ। आज पनि सन्थालहरू आवाजविहीन भएर कसरी अनागरिकका रूपमा जीवन निर्वाह गरिरहेका छन् भन्ने कुराको वस्तुयथार्थ यस उपन्यासको मुख्य कथ्य हो। यस लेखमा विधागत अवयवका माध्यमबाट यही विषय सन्दर्भको अभिव्यक्ति के कसरी भएको छ भन्ने कुराको विश्लेषण गरिएको छ।

नेपाली समालोचनाका क्षेत्रमा यस उपन्यासका वैचारिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक पक्षका बारेमा केही चिन्तन र अध्ययनहरू भए पनि तिनीहरू पर्याप्त देखिँदैनन्। यसअघि भएका पूर्वकार्यहरूलाई नियाल्दा उपन्यासका वैचारिक र सामाजिक-सांस्कृतिक पक्षमाथि केही मात्रामा विमर्श भए पनि कथावस्तु, चरित्र-चित्रण, परिवेशविधान, दृष्टिविन्दु, उद्देश्य र भाषाशैलीगत वैशिष्ट्यका आधारमा यो उपन्यासको विश्लेषण भएको पाइँदैन। यही शोधरिक्ततालाई पूर्ति गर्दै उपन्यासमा अन्तर्निहित विधातत्त्वहरूको वस्तुगत विश्लेषण गर्नु नै प्रस्तुत शोध-लेखको मुख्य उद्देश्य रहेको छ। यसका लागि प्रस्तुत अध्ययनमा निम्नअनुसारका शोध समस्याहरूको निर्धारण गरिएको छ :

क. *आतोओडा*' उपन्यासमा विधागत तत्त्वहरूको संयोजन केकसरी भएको छ ?

ख. उपन्यासमा सन्थालका वर्गीय, लैङ्गिक र पहिचानजन्य समस्यालाई केकसरी अभिव्यक्त गरिएको छ ?

ग. कृतिमा प्रयुक्त भाषाशैलीले औपन्यासिक शिल्प र सौन्दर्य निर्माणमा के-कस्तो योगदान पुऱ्याएका छन् ?

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

**पूर्वकार्यको समीक्षा**

*आतोओडा* उपन्यासका विविध वैचारिक, सामाजिक तथा शिल्पगत पक्षमा केन्द्रित रही नेपाली प्राज्ञिक एवं समीक्षात्मक क्षेत्रमा केही अध्ययन तथा अनुसन्धानहरू भएका छन् । यहाँ यसअघि भएका अध्ययनहरूलाई आनुक्रमिक रूपमा राखी शोधरिक्तताको पहिचान गरिएको छ ।

प्रदीप सापकोटा (२०८०) ले *आतोओडा* रैथाने सन्थाल समुदायको सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्थाको यथार्थपरक चित्रण गर्ने एक महत्त्वपूर्ण उपन्यास हो भनेका छन् । उनले यस उपन्यासमा झापाको दक्षिणी भेगमा बसोबास गर्ने अल्पसंख्यक तथा सीमान्तकृत सन्थाल समुदायले राज्यबाट भोग्नुपरेको उपेक्षा, पहिचानविहीनता र अनागरिक हुनुको पीडालाई कथावस्तुको मुख्य आधार बनाइएको धारणा राखेका छन् । पुराना पुस्ताले यथास्थितिवादलाई स्विकारेको र नयाँ पुस्ताले परम्परागत ढाँचामा परिवर्तन ल्याउन विद्रोह एवं परिवर्तनको मार्ग रोजेको हुनाले उपन्यासमा पात्रहरूमा पुस्तान्तरण र क्रान्तिचेत रहेको उनको निष्कर्ष छ । उपन्यासमा नारी पात्रहरूलाई शक्तिशाली रूपमा प्रस्तुत गरिएको उनको धारणा छ । लोपोन्मुख सन्थाल भाषाका शब्दहरू प्रयोगका कारण उपन्यासले स्थानीय रमङ्लुलाई पूर्ण रूपमा अभिव्यक्त गर्न सकेको सापकोटाको धारणा छ ।यो कृति केवल एउटा आख्यान मात्र नभएर सुदूरपूर्वी नेपालको सीमान्तकृत सन्थाल समाजको बहुआयामिक पक्ष, मनोविज्ञान र भोगाइलाई बुझ्ने यथार्थ दस्तावेज भएको सापकोटाले ठम्याएका छन् ।

ईश्वरमणि अधिकारी (२०८०) द्वारा लिखित पहिचान र आवाज विहीनहरूको जीवन सङ्घर्षको कथा 'आतोओडा' शीर्षकको लेख यस कृतिको अध्ययनका लागि अर्को एउटा महत्त्वपूर्ण पूर्वकार्य हो । समीक्षक अधिकारीले *आतोओडा* उपन्यासलाई ऐतिहासिक राजनीतिक चेतना र भुइँमान्छेहरूको अस्तित्ववादी सङ्घर्षको कोणबाट विश्लेषण गरेका छन् । उनले विसं १९४८ मा बिपी कोइरालाको अनसन र दिव्या कोइरालाको चेतना, विसं २०१५ तिरको जगन्नाथ आचार्यको किसान आन्दोलन र सुदूरपश्चिममा भीमदत्त पन्तले उठाएको वर्गीय चेतनाको बिगुललाई उपन्यासको कथावस्तुको पृष्ठभूमि कोर्न प्रयोग गरिएको तथ्य प्रस्तुत गरेका छन् । यी ऐतिहासिक आन्दोलनका राजनीतिक चेतनाका आलोक झापाको सन्थाल बस्तीसम्म नपुगेकै कारण आज पर्यन्त यो समुदायले पहिचानविहीनताको दुर्दशा भोग्नुपरेको विचार उनले अघि सारेका छन् । परिवेशका दृष्टिले उपन्यासले पूर्वी नेपालको झापा जिल्लाका रैथाने तर अधिकारविहीन र भूमिहीन सन्थाल (सतार) जातिको दुख, जीवन सङ्घर्ष, प्रेम, त्याग र सामाजिक–सांस्कृतिक परिवेश (जस्तै: जन्म, मृत्यु र विवाह पद्धति) लाई उनीहरूकै बोलीचालीको लवजमा जीवन्त रूपमा उतारेको कुरा लेखमा प्रस्ट्याइएको छ। स्थानीय सन्थाल भाषाको बहुलताले गर्दा गैर-सन्थाल पाठकलाई बुझ्न कताकति अवरोध सिर्जना भए तापनि कृतिको काव्यिक बिम्ब र सरल, मिठासपूर्ण भाषाशैलीका कारण यो कृति अत्यन्तै पठनीय र सङ्ग्रहणीय रहेको निष्कर्ष अधिकारीको रहेको छ ।

गिरबहादुर खड्का (सन् २०२५) ले जानुका खतिवडाको *आतोओडा* उपन्यासमा सीमान्तीयता लेखमा *आतोओडा* उपन्यासको बहुआयामिक विश्लेषण गरेका छन् । खड्काका अनुसार यस उपन्यासले नेपाली समाजको वर्गीय, लैङ्गिक र जातीय पहिचान तथा प्रतिनिधित्वको विषयलाई सशक्त रूपमा चित्रण गर्दै पूर्वी नेपालको झापा जिल्लामा बसोबास गर्ने सीमान्तकृत सन्थाल जातिको यथार्थ अवस्थालाई उजागर गरेको छ। यस अध्ययनले विशेष गरी गायत्री चक्रवर्ती स्पिवाकको 'सबअल्टर्न' (सीमान्तकृत) सिद्धान्तको प्रकाशमा उपन्यासको विश्लेषण गरेको देखिन्छ । सीमान्तकृत वर्गले आफ्नो आवाज आफैँ उठाउन नसक्ने हुनाले बौद्धिक वर्गले उनीहरूको प्रतिनिधित्व गर्नुपर्छ भन्ने मान्यताअनुरूप उपन्यासकार खतिवडाले सन्थाल जातिको जीवन्त प्रतिबिम्बन गरेको र यो कृति विधागत रूपमा उद्देश्यमूलक ढंगले अगाडि बढेको निष्कर्ष खड्काको रहेको छ ।

यी पूर्वकार्यहरूको एकीकृत सिंहावलोकन गर्दा गिरबहादुर खड्का (२०२५) ले उपन्यासलाई केवल 'सबअल्टर्न' सिद्धान्तको कसीमा वैचारिक अध्ययन गरेको देखिन्छ भने सापकोटा (२०८०) र ईश्वरमणि अधिकारी

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

(२०८०) का लेखहरूले उपन्यासको सामाजिक, सांस्कृतिक र राजनीतिक दुरावस्थाको विश्लेषण गरेको देखिए पनि उपन्यासको कथावस्तु, पात्र, परिवेश, उद्देश्य र भाषाशैली जस्ता विधागत तत्त्वहरूलाई एकीकृत रूपमा भने केलाएको देखिँदैन। यसैले प्रस्तुत अध्ययनमा विधागत तत्त्वका आधारमा यस कृतिको विश्लेषण गरिएको हो।

## अध्ययनविधि

यो अध्ययन पूर्ण रूपमा गुणात्मक ढाँचा र पुस्तकालयीय कार्यमा आधारित छ । यसमा जानुका खतिवडाद्वारा लिखित *आतोओडा* उपन्यासको मूल पाठलाई प्राथमिक स्रोतका रूपमा लिई यसको पाठपरक अध्ययन गरिएको छ । भने उपलब्ध समालोचकहरूका समीक्षात्मक लेखहरूका साथै उपन्यास सिद्धान्तसँग सम्बन्धित स्थापित सैद्धान्तिक पुस्तकहरूलाई यसमा द्वितीयक स्रोतका सामग्रीका रूपमा उपयोग गरिएको छ। यसमा उपन्यासका संरचक घटक कथानक, पात्र/चरित्र, परिवेश, सारवस्तु वा विचार, दृष्टिविन्दु, र भाषाशैली छवटा विधातत्त्वहरूलाई पाठपरक, व्याख्यात्मक र विश्लेषणात्मक पद्धतिमार्फत तथ्यहरूको विवेचना गरी निष्कर्ष निकालिएको छ।

## सैद्धान्तिक पर्याधार

उपन्यास आख्यानात्मक विधा हो। न्यास मूल शब्दमा उप उपसर्ग जोडिएर बनेको उपन्यास शब्दको कोशीय अर्थ नजिकमा राख्नु भन्ने हुन्छ। यसको सान्दर्भिक अर्थचाहिँ जीवनजगत्‌को नजिक रहने साहित्यिक विधा भन्ने गरिएको छ। नेपाल (२०७९) ले दाहाल (२०५५) लाई समेत उद्धृत गर्दै उपन्यासलाई हेनरी जेम्स, हर्बट मुलर र राल्फ फक्सले क्रमशः जीवनको प्रतिबिम्ब, मानव अनुभवको निरूपण र जीवनको गद्यका रूपमा र कृष्णचन्द्रसिंह प्रधान, वासुदेव त्रिपाठी र मोहनराज शर्मालगायतले मानवजीवनको सम्पूर्णतालाई व्यक्त गर्ने विशाल आख्यानात्मक गद्यसंरचनाका रूपमा चिनाएको धारणा राख्दै उपन्यासमा यथार्थ र काल्पनिक जुनसुकै कथावस्तु भए पनि यसले जीवनको समग्रतालाई समेट्नुपर्ने, भावमा प्रभावकारिता हुनुपर्ने तथा पात्र र परिवेशबिच स्वाभाविक सन्तुलन हुनुपर्ने मान्यतामा जोड दिएका छन् (पृ.१९८)। यी सन्दर्भलाई आधार बनाउँदा जीवन र जगत्‌को प्रतिनिधित्व गर्न सक्ने एक वा अनेक घटनाहरूको सुसम्बद्ध विन्यास भएको रचना नै उपन्यास हो भन्ने निष्कर्ष निस्कन्छ। यस प्रकारको उपन्यासको संरचना निर्माण गर्न आवश्यक पर्ने उपकरणलाई उपन्यासका तत्त्व भनिन्छ। प्रधान (२०६१, पृ.७) का अनुसार उपन्यासको कोमलतम स्वरूप र विकासशील प्रकृतिले गर्दा निश्चित शास्त्रीयतामा बाँध्न नसकिए पनि उपन्यासका मूलभूत तत्त्व कथानक चरित्र कथोपकथन शैली भाषा वातावरण उद्देश्य आदि हुन् । सामान्यतया उपन्यासमा कथानक, चरित्र, परिवेश, सारतत्त्व, दृष्टिविन्दु र भाषाशैली छवटा तत्त्वहरूले विधागत स्वरूपको निर्माण गरेका हुन्छन् (बराल, २०५६, पृ. २६)। उपन्यासका विभिन्न तत्त्वहरूमध्ये कथानक सबैभन्दा जेठो र अनिवार्य तत्त्व हो (बराल र एटम, २०६१, पृ. ४०)। कथावस्तु उपन्यासको कच्चा सामग्री मानिन्छ भने यसले घटनाहरूलाई कार्यकारण सम्बन्धमा बाँधेर सुसङ्गठित रूपमा अगाडि बढाउँछ। उपन्यासमा घटनाहरूलाई एकअर्कासित उनेर सम्बन्ध जोड्ने र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गरेको हुन्छ (प्रधान, २०६१ , पृ. ७)। उपन्यासको कथानक सरल, जटिल, रैखिक वा वृत्ताकारीय ढाँचाको हुन सक्छ।

चरित्र उपन्यासको महत्त्वपूर्ण तत्त्व हो। उपन्यासमा कथानकलाई गतिदिने माध्यमका रूपमा चरित्रलाई लिने गरिएको छ (बराल, २०५६, पृ. ३२)। चरित्रले कथावस्तुलाई आवश्यक गति र उपयुक्त मार्ग निर्देशन प्रदान गर्नुका साथै जीवन्तता प्रदान गर्दछ। उपन्यासकारले पात्रहरूको सृष्टि गर्छ र तिनका माध्यमबाट कथानकको विकास गराउँछ (शर्मा, २०४३, पृ. ८५)। उपन्यासमा प्रत्यक्ष वा नाटकीकरण विधिबाट चरित्र चित्रण गरिएको हुन्छ। प्रत्यक्ष रूपमा चरित्र चित्र गर्दा उपन्यासकारले नै चरित्रका प्रवृत्तिहरूको वर्णन गर्दछ भने नाटकीकरणका माध्यमबाट चरित्र चित्रण गर्दा उसले खेलेका भूमिकाका आधारमा चरित्रको पहिचान गरिएको हुन्छ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

स्थान, समय र त्यसले सिर्जना गर्ने मानसिक वा सामाजिक प्रभावलाई परिवेश भनिन्छ । उपन्यासमा हुने कार्यव्यापारले पाठकलाई छोड्ने प्रभाव नै वातावरण हो (सुवेदी, २०५३, पृ. २५) । यसले उपन्यासको कथालाई यथार्थ र विश्वसनीय बनाउँछ । उपन्यासमा उपन्यासकारले प्रस्तुत गर्न चाहेको मूल विचार नै सारतत्त्व हो । यसलाई विचार, उद्देश्य वा सारवस्तु पनि भनिएको पाइन्छ । उपन्यासमा लेखकले प्रस्तुत गर्न खोजेको चिन्तन विचार हो भने उपन्यासमा चित्रित जीवनजगत्को दर्शन नै उपन्यास लेखनको उद्देश्य हो (प्रधान, २०६१, पृ. ११) ।" उपन्यासमा लेखकले प्रस्तुत गरेका विचारहरूको निष्कर्षलाई नै सारतत्त्व भनिन्छ (बराल, २०५६, पृ. ३२) । खासमा सारतत्त्व भनेको समष्टिगत वैचारिकता हो, जुन उपन्यासका विभिन्न संरचकहरूका माध्यमबाट व्यक्त भएको हुन्छ ।

उपन्यासका संरचक घटकहरूमध्ये दृष्टिविन्दुलाई कथावाचक वा व्याख्याता उभिने ठाउँका रूपमा लिने गरिएको छ । दृष्टिविन्दु भन्नाले आख्यानकारले कथा प्रस्तुत गर्दा अपनाउने दृष्टिकोण वा प्राविधिक कोणलाई बुझाउँछ (बराल र एटम, २०६१, पृ. ९५) । दृष्टिविन्दुले कथानकको समाख्यान गर्ने ढाँचालाई जनाउँदछ । यो विषयवस्तुलाई प्रस्ततुत गर्ने माध्यम पनि हो । उपन्यासमा प्रथम पुरुष वा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरी कथावस्तुलाई प्रस्तुत गरिएको हुन्छ । उपन्यासमा आदिदेखि अन्तसम्म धागाका रूपमा तन्किएको दृष्टिविन्दुले उपन्यासको संरचनात्मक प्रभावकारितामा महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ (बराल, २०५ , पृ. ३२) । खासमा उपन्यासकारले कथा भन्नका लागि रोजेको स्थान वा भूमिका नै दृष्टिविन्दु हो । यो आन्तरिक वा प्रथम पुरुषीय र बाह्य वा तृतीय पुरुषीय गरी दुई किसिमको हुन्छ । लेखक आफैँ 'म' पात्र बनेर कथा भन्ने आन्तरिक दृष्टिविन्दु केन्द्रीय र परिधीय दुई किसिमको हुन्छ भने लेखक बाहिर बसेर 'ऊ/ती' का बारेमा कथा भन्ने तृतीय पुरुषीय दृष्टिविन्दु पनि सर्वज्ञ र सीमित गरी दुई किसिमको हुन्छ ।

भाषाशैली उपन्यासको बाह्य शिल्पसँग सम्बद्ध पक्ष हो । यी दुई पक्षहरूमध्ये भाषा विषयवस्तुलाई प्रस्तुत गर्ने माध्यमसँग सम्बन्धित स्थूल तत्त्व हो भने शैली लेखकको निजी र मौलिक अभिव्यक्तिसँत सम्बन्धित सूक्ष्म तत्त्व हो (बस्नेत, २०५९, पृ. २७) । उपन्यासमा वर्णनात्मक, नाटकीय आदि शैलीको प्रयोग गरिएको हुन्छ । यी नै तत्त्वहरूका केन्द्रीयताबाट उपन्यासमा विधागत सौन्दर्यको अभिव्यक्ति हुने गर्दछ । खासमा उपन्यासमा कथावस्तुलाई कार्यकारण शृङ्खलामा उन्ने काम कथानकले गरेको हुन्छ भने कथावस्तुलाई लक्ष्यसम्म पुऱ्याउने काम पात्रले, पात्रहरू उभिएको स्थान काल र वातावरण निर्माण गर्ने काम परिवेशले, मुख्य निष्कर्षलाई प्रस्तुत गर्ने काम, सारवस्तुले, समाख्यानीकरणको ढाँचालाई प्रस्तुत गर्ने काम दृष्टिविन्दुले तथा कथावस्तुलाई बाह्य रूपमा प्रकटीकरण गर्ने काम भाषाशैलीले गरेको हुन्छ भने यिनै तत्त्वहरूको समष्टि संयोजनका माध्यमबाट उपन्यासमा सौन्दर्यको अभिव्यञ्जना भएको पाइन्छ । यस अध्ययनमा यिनै औपन्यासिक तत्त्वका माध्यमबाट केकस्तो वैचारिकतालाई प्रस्तुत गरिएको छ भन्ने कुराको विमर्श गरिएको छ ।

## परिणाम र छलफल

### कथानक

उपन्यासकार जानुका खतिवडाद्वारा लिखित *आतोओडा* सीमान्तकृत सन्थाल समुदायका सामाजिक तथा आर्थिक अवस्थाको चित्रण भएको उपन्यास हो । बाह्र खण्डमा विभाजित यस उपन्यासको सुरुवात फूलमुनिले सुराहीलाई हेर्नका लागि दुधाली मेला गएको प्रसङ्गबाट भएको छ । लुखीले फूलमुनिलाई केटा देखाउन दुलाली मेलामा लानु, नाच्न लागेको सुराहीलाई टाढैबाट लुखीले चिनाउनु चिनारी दिनु, सुराहीलाई देखेपछि फूलमुनिले निकै बेर नियालेर "छि ! पाकेको किम्बुजस्तो" भनी प्रतिक्रिया दिनु र सुराहीले फूलमुनिलाई पनि "भक्का" भनेको घटनाबाट उपन्यास थालिएको छ । भोलिपल्ट राइबारहाडामले चार जना अपरिचितसहित सुराहीलाई लिएर आएपछि सन्थाल संस्कारअनुसार उनीहरूको न्यापेल अर्थात् टिकोटालो भएको छ । यसै खण्डको अर्को उपखण्डमा फूलमुनिको वर्तमान यथार्थको चित्रण गरिएको छ । अहिले फूलमुनि बुधिनसँग दाम्पत्य सम्बन्धमा रहेकी छे । ऊ दुई

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

जिउकी भएर शारीरिक रूपमा शिथिल रहेकी फूलमुनिलाई बुधिनले घुम्ती दोकान खरिदका लागि देखाउन बरगाछीतिर साइकलमा लैजाँदा दोकानेले सोह्र हजार पाँच सय दाम सुनाएको छ तर बुधिनले बाह्र हजार भन्दा बढी दिन नसक्दा दाम नमिलेको हुनाले फूलमुनि र छोरा मङ्लु घरतिर र बुधिन ढलानको काम गर्न सीतापुरीतिर लागेको प्रसङ्गबाट पहिलो खण्डलाई पूर्णता दिइएको छ । उपन्यासको दोस्रो खण्ड 'बाप्ला' मा सन्थाल परम्पराअनुसार फूलमुनि र सुराहीको बिहेको तयारीदेखिका विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यसै खण्डमा दोकान हेरेर सफारीमा घर फर्कँदै गरेकी फूलमुनिको नन्द हपनमाईको बरियातसित जम्काभेट भएको तथा घर पुगेपछि उसले मङ्लुलाई सन्थाल जातिमा प्रचलनमा रहेको मानव उत्पत्तिको लोककथा सुनाएको प्रसङ्गबाट यस खण्डलाई पूर्णता दिइएको छ । अन्त्यमा फूलमुनिले आदिम पुर्खा माराङबुरुसँग आफ्ना सन्तानलाई कलम चलाउन होइन हल चलाउन सिकाएको गुनासो गरेकी छ ।

तेस्रो खण्ड 'घुऱ्यान' को प्रारम्भ आँधीहुरीसहितको हिउँदे झरीबाट प्रताडित फूलमुनिको विपन्न अवस्थाको चित्रणबाट गरिएको छ । मङ्लु खोलामा माछा र गँगटा भेला पारिरहेको छ । फूलमुनि छोरा शिक्षित र स्वावलम्बी बनोस् भन्ने चाहँदै झालीको रसमा अल्झिए पूरा जीवन सकिने र कलम पक्डिए मालिकको जस्तै ठुलो घर र जमिन पाउने भन्दै पिल्चु हाडाम ! मेरो छोराको हातमा फरुवा नदेऊ है, म आफैँ कलम दिन्छु भनी प्रार्थना गर्दै छे । सोही समयमा चट्याङ लागेर छिमेकी हली लक्खी मुर्मुको मृत्यु भएको कुरा सुन्दा र ढलाइमा गएको बुधिन रातिसम्म नफर्कँदा ऊ चिन्तामा परेकी छे । यहीँ विगत स्मरण गर्दै बर्खाको चर्को घाममा फूलमुनिलाई प्रसवपीडाले आक्रान्त पारेको, सुराही जाँडको तालमा कराएको तर सहयोगी छिमेकी लक्खी मुर्मुले सुडेनी र ओझा बोलाउन सघाएको तथा आँधीहुरीले घर तहसनहस पार्दा आफ्नै घरमा लगेर सुत्केरी प्रबन्ध र न्वारन गराएको गुनिलो विगत सम्झिएको सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

चौथो खण्ड 'भोक' मा परिवारको आर्थिक विपन्नता र सङ्घर्ष देखाइएको छ । सुकरदेव र सुराही मालिकका घरमै हली बस्न रुचाए पनि स्वाभिमानी फूलमुनि यसमा सहमत छैन । खाजा पुऱ्याउन ढिलो हुँदा सुराहीले फूलमुनिलाई पौरो खाएर पिटेको र सुकरदेवले घिच्याएर लगेको दुःखद स्मृतिलाई यस खण्डमा प्रस्तुत गरिएको छ । वर्तमानमा ढलानबाट ढिलो फर्केको बुधिनले बाह्र हजारमा दोकान किनेको खुसी सुनाउँछ र आफूहरूले कसैको घरसहित एक बिघा जग्गा कमाउन पाएकामा केही सन्तुष्टि व्यक्त गरे पनि कुन बेला घर छोड्नुपर्ने हो र फेरि कसैको ग्वालीमा बस्नुपर्ने हो भन्ने चिन्ताले फूलमुनि पिरलिँदै माराङबुरुलाई प्रार्थना गर्दछे ।

पाँचौँ खण्ड 'घाउ' मा विगतमा एरो पर्वका लागि घर आएको सुराहीले फूलमुनिलाई साहुको घरमा बस्न जान दबाब दिएको र सुकरदेवको हप्काएपछि जान बाध्य भएको कारुणिक घटना छ । यही प्रसङ्गमा मालिकका घरमा काम गर्दा मालिककै परिवारबाट यौनशोषणको सिकार भई माइतमा छोरी जन्माएकी र पछि सोमुसँग बेपत्ता भएकी सुराहीकी अर्की बहिनी लट्टुमईको दर्दनाक कथा प्रस्तुत गरिएको छ । यही कारणले फूलमुनि साहुको घर जान चाहन्न । अन्ततः साहुको घर पुगेपछि ग्वालीको एक भागमा बसेर गोबर सोहोर्ने, घाँस काट्ने र भाँडा माज्नेजस्ता आइपरेका सबै काम सित्तैमा गर्नुपर्दा फूलमुनि रिसाउँछे भने लोग्ने पौरोको लतमा परेकामा चिन्ता प्रकट गर्दछे ।

छैटौँ खण्ड 'झरी' मा झरीका कारण ग्वाली दलदल हुनु, सर्प निस्कनु र साहुनीले घरमुनिको कोठा दिएपछि बल्ल सुत्न पाउनुजस्ता पीडादायी अवस्थाको चित्रण गरिएको छ । सोही झरीमा साहुनीले बाख्रालाई घाँस काट्न अराउँदा टाँकीको रुखबाट चिप्लिएर सुकरदेवको खुट्टा भाँचिन्छ र सुराहीले काम्रो बाँधिदिन्छ । अतीतको यो कष्ट सम्झँदै वर्तमानमा राति रोएकी फूलमुनिलाई बुधिनले व्यापार गरेर घरबार जोड्ने आश्वासन दिएको छ । सातौँ खण्ड 'झिल्को' मा साहुको घरबाट भागेर आएका बुधिन र तुरसाको कथा तथा तुरसाको विद्रोह र अवसानलाई मुख्य कथ्य बनाइएको छ । साहुहरूको किर्ते र शोषण सहन नसक्ने विद्रोही तुरसा माओवादी आन्दोलनमा सामेल भई रातभर विद्रोहमा हिँडेको छ । उसले आफ्नै साहुलाई खोलातिर लगेर भाटे कारबाही गर्ने काम समेत गरेको छ ।आफ्नो

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

बाजेको जग्गा लुट्ने साहुमाथि जाइलाग्ने तुरसा वास्तवमै विद्रोही चरित्रका रूपमा देखापरेको छ । विद्रोहकै क्रममा उसले चौतारामा बमसमेत राखेको छ । यही दोषमा ऊ पक्राउ परेको छ भने उसको लास महिनौँपछि रतुवा खोलाको बगरमा फेला परेको छ । नेपालको राजनीतिक परिवर्तनसँगै साहुहरूले उसले गाडेको झन्डा उखेलेर आफ्नै बरन्डामा गाड्नाका साथै त्यसैलाई आधार बनाएर सत्तामा समेत पुगेका छन् तर तुरसाजस्ता क्रान्तिकारीहरूले कुनै मूल्य पाएका छैनन् ।

आठौँ खण्ड 'भाग्य' को पूर्वार्धमा फूलमुनि गल्डुवा हटियामा माछा-सिद्रा बेच्न जाँदा लुखीसँग भेट भएको विषयवस्तुलाई र उत्तरार्धमा बुधिन र लुखीको पुरानो प्रेम सम्बन्धलाई प्रस्तुत गरिएको छ । अर्कैसँग बिहे भएर माइत भागेकी लुखीलाई बुधिनले मेलाबाट भगाएर फूलमुनिको घरमा लुकाउँदा सुराहीमा पनि परिवर्तन आएको छ । माझीहाडामको कचहरीले ६२,८२३ रुपैयाँ रीत बुझाउन निर्णय गरेपछि गरिबीका कारण रकम पुऱ्याउन नसक्दा लुखी पुनः पुरानै लोग्नेसँग फर्किन बाध्य भएकी छे । नवौँ खण्ड 'पौरो' मा सुराहीले रक्सी खाएर कुटेका कारण फूलमुनि माइत गएको र पछि सुकरदेवले फकाएर ल्याएको विगत छ भने तुरसा र आमाको मृत्युपछि सुकरदेवले नै बुधिनको पालनपोषण गरेको र वर्तमानमा बुधिनले मङ्लुलाई सुकरदेवको सेवाका लागि पठाउन लागेको प्रसङ्ग छ । दशौँ खण्ड 'सम्झना' मा सुकरदेवको मृत्यु र मृत्यु संस्कारको विस्तृत वर्णन छ भने सुराहीको आकस्मिक मृत्यु पछि सुकरदेवकै प्रस्तावमा फूलमुनिको बुधिनसँग पुनर्विवाह भएको घटना पूर्वदीप्तिमार्फत प्रस्तुत छ । एघारौँ खण्ड 'घर' मा फूलमुनिले छोरी जन्माएको र सुत्केरीका लागि बुधिनले एक बोरा मुसा (गोडु) सिकार गरेर ल्याएको सन्दर्भ छ । यहाँ मालिकले जग्गा बेचेकाले पन्ध्र दिनमा घर खाली गर्नुपर्ने आपत आइपर्दा बुधिन आफ्नो जीवनमा आठ ठाउँ बसाइँ सरिसकेको खुलासा हुन्छ । यस खण्डमा सन्थालहरूको इतिहास कोट्याउँदै जङ्गे महाराजको पालादेखि झोडा फाँडेर बसेका सन्थालहरूलाई पहाडबाट झरेका टाठाबाठाहरूले हुक्का ख्वाएर र दुई मोहर दिएर कसरी किर्ते औँठाछापमार्फत भूमिहीन र हली बनाए भन्ने कटु यथार्थलाई प्रस्तुत गरिएको छ । साहूको आश्रयमा नबसी अब आफ्नै जग्गा जोड्नुपर्छ भनी फूलमुनि र बुधिनले चारवटा खसी, एघार वटा कुखुरा, धान, मकै र दोकानसमेत बेचेर जम्मा एक लाख चौध हजार आठ सय रुपैयाँ जोहो गरेको सन्दर्भलाई यस खण्डमा प्रस्तुत गरिएको छ ।

*आतोओडा* उपन्यासको अन्तिम तथा बाह्रौँ खण्ड 'कागज' मा नागरिकता नभएका कारण उनीहरू अनागरिक बन्नुपरेको र अन्ततः राज्यको क्रूर व्यवस्था अगाडि पराजित हुनुपरेको मार्मिक यथार्थ छ । मालिकसँग एक लाखमा दश धुर जग्गा किन्न मालपोत कार्यालय पुग्दा नागरिकता नभई जग्गा पास नहुने थाहा हुन्छ । नागरिकता बनाउन जन्मदर्ता चाहिने तर बाबु-हजुरबाबु कसैको प्रमाण र ठेगाना नभएकाले वडा र नगरपालिकाले सिफारिस दिँदैनन्, जसका कारण छोराछोरीको जन्मदर्ता मात्र बनाएर उनीहरू घरायसी लिखतका आधारमा जग्गा किनी घर बनाएर बस्न थाल्छन् । तर केही समयमै केही मानिसहरू आएर त्यो जग्गा उनीहरूको भएको तथा बुधिनले किनेको जग्गा कालोपत्रे सडकको नक्साभित्र परेको भन्दै उनीहरूको घरजग्गा खाली गर्न निर्देशन दिन्छन् र जग्गा बेच्ने साहु पहिल्यै बसाइँ सरिसकेको हुन्छ । यसरी आफ्नै पौरख र पसिनाको ठेगाना राज्यको कालोपत्रेमुनि पुरिएपछि बुधिन विक्षिप्त र फूलमुनि निराश बन्दछिन् । अन्त्यमा गाउँमा चुनावको माहोल आएको र नेताहरूले माइकमा "जसको जोत, उसकै पोत" भनी गीत घन्काउँदै भोट मागेको सन्दर्भलाई प्रस्तुत गरिएको छ भने धर्तीपुत्र सन्थालहरूको भविष्य भने अन्धकारमय गर्ततिर भासिएको  सामाजिक र राजनीतिक विडम्बनाको चित्रणका साथ विषयवस्तुले पूर्णता पाएको छ ।

प्रस्तुत उपन्यासमा रैथाने सन्थाल समुदायको सामाजिक-सांस्कृतिक पृष्ठभूमिको जानकारीसहित फूलमुनिको परिचयबाट कथानकको प्रारम्भ भएको छ भने फूलमुनि सुराहीको विपन्न घरमा भित्रिएको प्रसङ्गदेखि सुराहीको निधनसम्मका घटनाहरूले कथानकको विकासको काम गरेका छन् । सुराहीको मृत्युपछि बुधिनसँग फूलमुनिको विवाह भएको प्रसङ्गदेखि आठ पटकसम्म बसाइँ सरेर थातथलोविहीन बनेका बुधिन र फूलमुनि अब

अरूको आश्रयमा नबसी आफ्नै स्वामित्वको जग्गा जोड्ने दृढ सङ्कल्पमा पुगी जग्गा निन्न आँटेका प्रसङ्गसम्मका घटनाहरूले चरमोत्कर्ष र नागरिकता नभएका कारण जग्गा पास हुन नसकेका कारण घरायसी लिखत गरी जग्गा किनेर घर बनाई बस्नथालेका प्रसङ्गले प्रतिचरमोत्कर्षको काम गरेका छन् । आफू बसेको जग्गासमेत अर्कैको भएको र आफूले किनेको जग्गा बाटामा परेकाले उनीहरू घरबारविहीन भएको प्रसङ्गसम्मका घटनाहरू भने यस उपन्यासका निष्कर्षका रूपमा आएका छन् ।

*आतोओडा* उपन्यास मूलत: सीमान्तकृत समूहका रूपमा रहेका सन्थालहरूको अवस्थालाई कथानक बनाइएको उपन्यास हो । झापा जिल्लाको दमकदेखि दक्षिण भेगमा करिब दुई सय वर्षदेखि झोडा फाँडेर यताउता सर्दै बसोबास गर्दै आएका सन्थालहरू आवाजविहीन भएकै कारण अहिलेसम्म नै अनागरिक भएर बसेका छन् । उनीहरूले झोडा फाँडेर बस्ती बसाए तर उनीहरू नै अहिले भूमिहीन अवस्थामा रहेका छन् । उनीहरूले फाँडेको झोडामा अहिले पहाडे मूलका व्यक्तिहरूको हैकम चलेको छ । चेतनाको विकास हुन नपाएका कारण उनीहरूले आफूले फडानी गरेको जग्गा भाँडाकुँडासँग मात्र होइन सुर्तीको मुठासँग समेत साटेका छन् । जग्गा दर्ता गर्ने दिन उपस्थित नहुनु भनेर उनीहरूलाई एक दुई मोहरमा पहाडे मूलका व्यक्तिहरूले किनेका छन् । नागरिकता भएमा मात्र आफ्ना नाममा जग्गा दर्ता हुन्छ भन्ने चेतनासम्म यिनीहरूलाई छैन । यिनीहरू साहुका ग्वालीमा बसेर जीविका गरिरहेका छन् । बुधिन, सुकरदेव, तला मुर्मु, सतार जेठालगायतका व्यक्तिहरूले भोगेका समस्याहरूका माध्यमबाट यस कुरालाई उपन्यासमा प्रमुखताका साथ प्रस्तुत गरिएको छ । राज्यले यिनीहरूको अस्तित्वलाई अझसम्म स्वीकारेको छैन । बुधिनका हजुरबाका हजुरबादेखिको बसोबास भईकन पनि अहिलेसम्म बुधिन तथा फूलमुनिको नागरिकता छैन । नागरिकता नभएकै कारण उनीहरू किर्ते जालीहरूका फन्दामा पर्ने गरेका छन् । यसरी राज्यको उपेक्षा तथा जातीय उत्पीडनको सिकार भएका सन्थालहरूको भूमिविहीनता र अनागरिक स्थितिको अभिव्यक्ति नै यस उपन्यासको मुख्य विषय वा कथानक हो ।

प्रस्तुत *आतोओडा* उपन्यासको कथावस्तु सुदूरपूर्वी नेपालको झापा जिल्लामा बसोबास गर्ने भूमिहीन र पहिचानविहीन सन्थाल समुदायको जीवन सङ्घर्षमा आधारित भएर बुनिएको छ । उपन्यासको कथावस्तुको विकास परम्परागत नभई ऐतिहासिक-राजनीतिक चेतनाको जगमा उभिएको देखिन्छ । यस सन्दर्भमा ईश्वरमणि अधिकारी (२०८०) का अनुसार वि.सं १९४८ को विपि कोइरालाको अनसन, वि.सं २०१५ को जगन्नाथ आचार्यको किसान आन्दोलन र भीमदत्त पन्तको वर्गीय चेतन जस्ता ऐतिहासिक सन्दर्भहरूले उपन्यासको कथावस्तुलाई पृष्ठभूमि प्रदान गरेका छन् । अतः प्रस्तुत उपन्यासको कथावस्तु केवल एउटा काल्पनिक आख्यान मात्र नभएर राज्यसत्ता र भूमाफियाको जालझेलका विरुद्ध भुइँमान्छेले गरेको अस्तित्ववादी सङ्घर्षको शृङ्खलाका रूपमा देखापरेको छ ।

**पात्रविधान**

*आतोओडा* सन्थाल जातिले इतिहासदेखि वर्तमानसम्म भोगिरहेका घटनाहरूलाई समावेश गरेर तयार पारिएको उपन्यास भएकाले यसमा केही सीमितबाहेक अन्य सबै सन्थाल जातिको अवस्थालाई प्रतिबिम्बन गर्ने जातीय चरित्रलाई नै प्रस्तुत गरिएको छ । फूलमुनिको केन्द्रीय भूमिकामा गतिशील प्रस्तुत उपन्यासमा फूलमुनि र बुधिन केन्द्रीय चरित्रका रूपमा आएका छन् । सुकरदेव, सुराही, तुरसा, लुखी, आइतु, शनि, सतारजेठा, हपनमई, लट्टुमई, लक्खी मुर्मु, फूलमुनिकी नाना, फुपू, तियाङ, बुधिनका हपनबा, हडमबा, हडमबाका हडमबालगायतका चरित्रहरूलाई प्रस्तुत गरिएको यस उपन्यासका चरित्रले व्यक्तिगत संवेगलाईभन्दा बढी जातिगत प्रतिनिधित्वलाई द्योतन गरेका छन् । यहाँ प्रमुख पात्रहरूका चारित्रिक विशेषतालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

***फूलमुनि***

*आतोओडा* उपन्यासमा फूलमुनि सन्थाल जातिको सीमान्तीय जीवन, नारी पीडा र सङ्घर्षलाई व्यक्त गर्ने प्रतिनिधि पात्रका रूपमा देखिएकी छन् । उपन्यासमा उनको बहुआयामिक चरित्रलाई प्रस्तुत गरिएको छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

आत्मस्वतन्त्रतालाई महत्त्व दिने फूलमुनि सुरुमै आफ्नै स्वतन्त्र अस्तित्व बोकेको र कसैका घरमा हलीगोठालो नबस्ने पतिको खोजीमा रहेकी छन्। धेरैवटा केटा देखाउँदा पनि नमान्नुको कारण यही मानिन्छ। रइबारहडामको जोडबल र अरूका घरमा लगेर गोठालो नराख्ने सुराहीको वनचबद्धताका कारण मात्र उनी सुराहीसँग राजी भएकी हुन्। सुराहीसँगको दाम्पत्यमा पनि उनी आदर्श नारीका रूपमा देखिएकी छन्। मुरैसँग धान साटेर उनले परिवारको विपन्नतालाई हटाउने काम गरेकी छन्। अर्काको घरमा हली बस्ने वरभन्दा उद्यमशील, स्वाभिमानी जीवन रोज्ने उनको मनोविज्ञानले उनी आत्मसम्मानमा बाँच्न चाहने चरित्र हुन् भन्ने कुराको पुष्टि गर्दछ। हलीप्रथा तथा नोकर प्रथालाई पिटक्कै मन नपराउने फूलमुनि आदर्श पत्नी, बुहारी तथा सामाजिक चरित्रका रूपमा देखापरेकी छन्। जाँड रक्सी खाएर पारिवारिक विखण्डन ल्याउने प्रवृत्तिप्रति उनी हदै दुःखी छन्। सुराहीले रक्सी खाएर पिटेका कारण त्यसको प्रतिरोधका लागि उनी माइत गएकी छन् भने अन्तमा आफ्नो आदर्श व्यवहारकै कारण सुराहीलाई समेत सुधारेकी छन्।

फूलमुनि नियतिद्वारा ठगिएकी चरित्र पनि हुन्। विवाहपछि सुराहीको मद्यपान, हिंसा र घरेलु प्रताडनाले फूलमुनि निरन्तर पीडित छन्। सामाजिक संस्कार र पारिवारिक दबाबले उनलाई सहेर परिस्थितिको सामना गर्न विवश बनाउँछ। नियतिको खेलमा विवश भएर जीवन निर्वाह गर्ने उनको अवस्था सीमान्त नारीको यथार्थका रूपमा उपन्यासमा चित्रण भएको छ। छोरा मङ्लुको जन्म भएपछि आफ्नो पति सुराहीको आकस्मिक मृत्युको प्रताडना उनले खप्नु परेको छ। त्यसपछि आफ्नो बाबुजस्तै माया गर्ने ससुरा सुकरदेवकै प्रस्ताव र आफ्नो पनि स्वीकृतिमा उनले आफ्नै देवर बुधिनसँग अर्को विवाह गरेकी छन्। विवाह गरेर बुधिनसँग बसे पनि सुकरदेवलाई मात्र नभई आफ्ना नन्द हपनमई तथा लट्टुमईप्रति पनि उनी सधैँ चिन्तित देखिन्छिन्। उनी आफ्नै पौरखको खोजीमा छिन् तर पुर्पुरो भनौँ वा सीमान्तीयताको प्रहार उनले सधैँ चिन्तामा नै जीवन बिताउन अभिशप्त हुनुपरेको छ।

*आतोओडा* उपन्यासमा नारी भईकन पनि फूलमुनि सबैभन्दा जीवन्त, गतिशील र चेतनायुक्त चरित्रका रूपमा देखिकी छन्। फूलमुनि उद्यमशील जीवनप्रति आकर्षित छिन्। मुरै बेचेर गृहस्थी चलाउने, बुधिनसँग मिलेर दोकान खरिद गर्न प्रयास गर्ने, दुई जिउकी रहँदा पनि माछा घुँगी तथा सिद्राको व्यापार गर्दै हिँड्ने फूलमुनि आर्थिक विपन्नतामाझ पनि सङ्घर्ष गर्ने चरित्रका रूपमा देखिएकी छन्। उनी श्रम गरी आफ्नै पौरखले परिवार पाल्छिन्। उनको एउटै सपना छ आफ्नो निजी घर बनाउने। यसका लागि उनले बुधिनलाई बारम्बार उत्प्रेरणा, आँट र हिम्मत दिएकी छन्। व्यवहार चलाउन उनकै निर्णयले काम गरेको छ। उनी सन्तान र भविष्यका बारेमा उतिकै चिन्तनशील छन्। फूलमुनि छोरालाई शिक्षित र स्वावलम्बी बनाउन चाहन्छिन्। यसले शिक्षाबाट मात्र समृद्धि सम्भव छ भन्ने उनको दृष्टिकोणलाई स्पष्ट पार्दछ। उनी मातृत्वको जिम्मेवारी र शिक्षा–चेतनाको महत्त्वलाई बुझ्न सक्ने नारी चरित्रका रूपमा देखापरेकी छन्। जीवनमा निरन्तर विपन्नता, आँधीहुरी, चट्याङ, घरेलु हिंसा र सामाजिक निन्दा सहनुपरे पनि फूलमुनि धैर्यपूर्वक जीवन निर्वाह गर्नाका साथै आँसु, पीडा र विवशता बिच पनि घरपरिवारको सञ्चालन गर्न सङ्घर्ष गरिरहेकी छन् भने सीमान्तकृत जीवनबाट मुक्त हुन बुधिनलाई दिशानिर्देश गरिरहेकी पनि छन्। समग्रमा *आतोओडा* उपन्यासकी केन्द्रीय पात्रका रूपमा देखिएकी फूलमुनि घरेलु हिंसा, आर्थिक विपन्नता र सामाजिक सीमान्तीयताको पीडा भोग गर्ने प्रतिनिधि पात्र उनी विवेकशील, स्वाभिमानी तथा सङ्घर्षशील चरित्रका रूपमा देखापरेकी छन्। उनी सन्थाल जातिको सीमान्तीय जीवनको प्रतिनिधि पात्र मात्र नभई नारी अस्तित्व र सङ्घर्षकी सशक्त प्रतीकका रूपमा यस उपन्यासमा देखापरेकी छन्।

***बुधिन***

बुधिन *आतोओडा* उपन्यासको प्रमुख पुरुष पात्र हो। ऊ सतार जेठाको छोरा, सुकरदेवको भतिजो, तुरसाको भाइ, लुखीको प्रेमी, मङ्लु र तुरसाको बुबा तथा फूलमुनिको पतिका रूपमा यस उपन्यासमा देखापरेको छ। सबै पारिवारिक सम्बन्धमा आदर्श भूमिकामा देखिएको सन्थाल जातिका समस्याहरूलाई प्रस्तुत गर्ने मुख्य पात्रको

जिम्मेवारीमा रहेको छ । साहुका घरमा हलीगोठालो बस्नै नमान्ने बुधिन आफ्ना बाबुले बारम्बार मालिकका घरमा गोठालो राखिदिँदा ऊ पटकपटक भागेर आएको छ । ऊ आफ्नै श्रममा बाँच्न चाहाने स्वाभिमानी पात्र हो । ऊ सुरुमा बरफ व्यापारीका रूपमा देखिएको छ भने बरफबाट भन्दा फिरफिरेबाट फाइदा हुने देखिएपछि पछि फिरफिरे बेच्न थालेको छ । त्यसभन्दा पछाडि ऊ ढलाइको काम गर्दछ । उसले बाह्र हजारमा पान पसल पनि खरिद गरेर आत्मनिर्भर हुन खोजेको छ ।

परिस्थितिको सामना गर्दै अगाडि बढ्ने स्वभावको बुधिन नेपालको सामाजिक पृष्ठभूमिमा जातीय सीमान्तीकरणको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएको छ । उसैका माध्यमबाट उपन्यासकारले नेपालमा सन्थालहरूको ऐतिहासिक परम्पराको चित्रण तिनीहरूको सीमान्तीयतालाई प्रस्तुत गरेकी छन् । बुधिन नेपाल छिरेको छ पुस्ता भइसकेको छ । उनीहरूले नै झापाको दक्षिणपूर्वी तराईमा मानव बसोवासको परम्पराको थालनी गरेका भए पनि आजसम्म न उनीहरूको नागरिकता छ, न आफ्नो जग्गा जमिन छ, न त कुनै अस्तित्व यही कारणले ऊ बारम्बार ठगिएको, साहुका शोषणमा परेको र शोषणका विरुद्धमा प्रतिरोधसमेत गर्न नसक्ने पात्रका रूपमा यस उपन्यासमा देखापरेको छ । खास गरी यस उपन्यासमा सन्थालहरूको सीमान्तीकरणको अवस्थालाई अभिव्यक्त गर्न बुधिनलाई प्रतिनिधित्व गराइएको देखिन्छ ।

*आतोओडा* उपन्यासमा बुधिन शीर्षस्थ पुरुष पात्रका रूपमा देखापरेको छ । ऊ सन्थाल समाजको सीमान्तीय जीवनमा उद्यमशीलता र सङ्घर्षशीलताको प्रतीकका रूपमा देखापरेको छ । उसले परनिर्भर हलीगोठाले जीवनलाई अस्वीकार गर्दै आत्मनिर्भर जीवन खोज्ने चाहना प्रकट गरेको देखिन्छ । सुकरदेव र सुराहीजस्ता पात्रहरू हली बसाइँमा रमाउँदा बुधिन भने त्यसलाई नकार्छ । आर्थिक विपन्नता, नियति र सामाजिक दबाबले उनलाई बारम्बार विवश बनाएको छ । फूलमुनिसँग जीवन निर्वाह गर्ने क्रममा उसले सङ्घर्ष र व्यापार दुवैलाई निरन्तरता दिएको छ । यसरी बुधिनको चरित्रले सन्थाल जातिको सीमान्तीय जीवनमा उद्यमशीलता र आत्मनिर्भरता खोज्ने चेतनालाई उजागर गरेको पाइन्छ । स्वतन्त्र नागरिकका रूपमा स्वाधीनतापूर्वक बाँच्ने चाहना राख्नु बुधिनको चरित्रमा पाइने मुख्य विशेषता हो ।

***तुरसा***

सतार जेठाको जेठो छोराका रूपमा रहेको तुरसा स्थितिप्रति विद्रोह गर्नसक्ने चरित्रका रूपमा यस उपन्यासमा देखापरेको छ । प्रारम्भमा ऊ मालिककै घरमा गोठालो बस्न विवश चरित्र हो तर कालान्तरमा ऊ माओवादीसँग सङ्गठित भई सङ्घर्षमा उत्रिएको छ । ऊ रातभर साहुहरूको घर लुट्न मात्र नभई उसका पुर्खाहरूले फडानी गरेको र अहिले साहुहरूले आफ्ना नाममा दर्ता गरी भोगचलन गरिरहेको जग्गाकब्जा गर्न र त्यहाँ झन्डा गाड्नसमेत जानुले ऊ क्रान्तिमा सहभागी भइसकेको देखिन्छ । माओवादी क्रान्तिमा धेरैको संलग्नता रहे पनि सीमान्त चरित्र भएकै कारण उसको टाउकामा सबै दोष थुपारिन्छ र अन्त्यमा उसलाई पुलिसले गिरफ्तार गरेर लगेको केही दिनमा रतुवाको बगरमा उसको लास भेटिन्छ । यी सन्दर्भहरूका आधारमा तुरसाको चारित्रिक विशेषता केलाउँदा तुरसा सन्थालहरूले भोगेको हलिया प्रथाको प्रताडना र माओवादी जनयुद्धमा मोर्चामा रहेका कमजोर वर्गका पात्रले भोग्नुपरेका नियतिलाई प्रतिबिम्वित गर्ने चरित्रका रूपमा देखापरेको छ । यसरी प्रस्तुत उपन्यासमा तुरसालाई विद्रोही चेतना भएको अन्यायअत्याचारका विरुद्धमा आवाज उठाउने क्रान्तिकारी चरित्रका रूपमा प्रस्तुत गरिएको छ । जनयुद्धका प्रताडनाबाट मात्र समेत सन्थालहरू कसरी प्रभावित थिए भन्ने कुराको प्रस्तुतिका लागि उपन्यासमा तुरसाको प्रतिनिधित्व भएको देखिन्छ ।

***सुराही***

सुराही *आतोओडा* उपन्यासको अर्को सन्थाल जातिको परनिर्भरताको प्रतिनिधित्व गराइएको पात्र हो । झापा जुरोपानी घर भएको सुराही फूलमुनीको पहिलो पति हो । उसलाई पनि उपन्यासमा मालिकका घरमा

हलीगोठालामै रमाउने प्रतिनिधि चरित्रका रूपमा प्रस्तुत गरिएको छ । पौरो लतमा लतमा परेको सुराही दिनभरि साहुको काम इमान्दार भएर गरे पनि बेलुकीचाहिँ रक्सीले लठ भएर फूलमुनिसँग झगडा गर्दछ । नारीका कुनै पनि समस्यालाई बुझ्न नसक्ने सुराही यसरी हेर्दा सामान्य मानवीय संवेदनासमेत नभएको चरित्रका रूपमा देखा पर्छ । लुखी र बुधिनको दाम्पत्य प्रणयबाट प्रभावित भएर अन्त्यमा चाहिँ ऊ आदर्श चरित्रका रूपमा प्रस्तुत भएको छ । दिनभरि काम गरेर बेलुका घर आएको सुराहीको हृदयाघातका कारण मृत्यु भएको छ । उपन्यासमा उसको चरित्रले एकातिर सीमान्तकृत सन्थालहरूको पराधीनतालाई प्रस्तुत गरेको छ भने अर्कातिर उसकै चरित्रका कारण फूलमुनिको चरित्र अझ उज्यालिएको देखिन्छ ।

**सुकरदेव**

*आतोओडा* उपन्यासमा सुकरदेवलाई श्रमजीवी तथा सीमान्तीय जीवन बाँच्न बाध्य पात्रका रूपमा चित्रण गरिएको छ । सुराहीको बाबु तथा फूलमुनिको पहिले ससुरा र पछि काका सुसुराका भूमिकामा रहेको सुकरदेवले मालिकका घरमा हली बस्ने, दिनीमा धान काट्ने, मालिकका घरका कुनै पनि काम पारिश्रमिकको अपेक्षाबिना नै गरिदिने चरित्रका रूपमा प्रस्तुत भएको छ । मालिकका घरको काम गरेर मात्र सहज रूपमा जीवन बिताउन सकिन्छ भन्ने मनोविज्ञानकै कारण उसले आफ्ना सन्तानहरूलाई समेत साहुका घरमा हलीगोठालो राखेको छ । आफ्नो छोरा सुराहीले रक्सीको तालमा फूलमुनिमाथि हातपात गर्दा उसले नै सुराहीलाई गाली गर्ने गरेको छ । आफ्नो छोरा सुराहीको मृत्यु भएपछि बुहारी फूलमुनिलाई उसले आफ्नै घरबाट छोरीजस्तै गरेर बुधिनसँग विवाह गरिदिएको छ । यी सन्दर्भले सुकरदेवलाई अत्यन्तै आदर्श चरित्रका रूपमा चिनारी दिएको छ । उसले गरेका समग्र कार्यका पृष्ठभूमिमा सुकरदेवले श्रमजीवी शोषित पीडित चरित्रकै रूपमा यस उपन्यासमा प्रतिनिधित्व गरेको पाइन्छ ।

उल्लिखित चरित्रका अतिरिक्त प्रस्तुत *आतोओडा* उपन्यासमा लुखी, मुन्द्री, फूलमुनिको गोगो लगायतका सन्थालजातिसँग सम्बद्ध पात्रहरू रहेका छन् भने सुराहीहरूलाई हलीगोठालाका रूपमा राख्ने मालिकनी, बुधिनका हडमबाहरूलाई झुक्याउने पहाडे मूलका व्यक्तिहरू, जङ्गे महाराज, बुधिनलाई किर्ते गरेर जग्गा बेच्ने मालिक तथा बुधिनको घर आफ्नो  जग्गामा पऱ्यो भनेर उनीहरूको उठिवास गराउने व्यक्तिहरू यस उपन्यासका सीमान्त चरित्रहरूमाथि सत्ताको शोषण र दमनलाई प्रतिनिधित्व गर्ने चरित्रका रूपमा देखिएका छन् ।

सारमा यस उपन्यासमा सन्थाल वर्गीय चरित्रहरू उत्पीडित सीमान्तकृत चरित्रका रूपमा आएका छन् भने अन्य चरित्रहरूचाहिँ राज्यसत्ताको प्रतिनिधि बनेर देखापरेका छन् । उपन्यासमा पात्रहरूको छनोट र चरित्र-चित्रण निकै जीवन्त र प्रतिरोधी ढमङ्लुले गरिएको छ । पात्रहरूको प्रवृत्तिलाई केलाउँदा पुराना र नयाँ पुस्ताबिचको द्वन्द्व स्पष्ट देखिन्छ । सापकोटा (२०८०) को विश्लेषणअनुसार पुराना पुस्ताले यथास्थितिवादलाई स्विकारेको र नयाँ पुस्ताले विद्रोहको मार्ग रोजेको सन्दर्भलाई उपन्यासकारले पात्रमार्फत उतारेकी छन् । यसैगरी अधिकारी (२०८०) ले फूलमुनि र बुधिनजस्ता पात्रहरूको अथक जीवन सङ्घर्ष र 'तुरसा' जस्ता विद्रोही पात्रमार्फत वर्गीय प्रतिरोधको चरित्र चित्रण गरिएको उल्लेख गरेका छन् । विधागत रूपमा हेर्दा उपन्यासका यी पात्रहरू आदर्शवादी नभई वर्ग र पहिचानका लागि लड्ने यथार्थवादी र गतिशील पात्रका रूपमा देखापरेका छन् ।

**परिवेश**

*आतोओडा* उपन्यासमा झापा जिल्ला दक्षिणपूर्वको भूगोललाई स्थानिक परिवेशका रूपमा चित्रण गरिएको छ । विशेषगरी गौरादह, ग्वालडुवा, महारानीझोडा, चप्रामारी, पाटागाडा, फकिरडिप, मझुवालगायतका भौगोलिक परिवेशको चित्रण गरिएको यस उपन्यासमा ऐतिहासिक परिवेशको चित्रणका क्रममा भने मेची नदीदेखि जुरोपानीसम्मकै क्षेत्रको चर्चा भएको छ । कालिक दृष्टिले प्रस्तुत उन्यासले लगभग दुई सय वर्षको अवधिलाई समेटेको भए पनि मञ्चित घटनाहरूचाहिँ जनयुद्धदेखि गणतन्त्रको उदयसम्म विस्तारित रहेका छन् । सन्थालहरूको सघन आवासक्षेत्रलाई केन्द्र बनाइएका आधारमा यो उपन्यासले केही मात्रामा आञ्चलिकतालाई समेत ग्रहण गरेको

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

देखिन्छ । वातावरणका दृष्टिले विवेचना गर्दा यस उपन्यासमा प्राय: कष्टपूर्ण त्रासदीय परिवेशको चित्रण भएको छ । दुधाली मेला, मन्झी थानमा हुने सांस्कृतिक मेला, फूलमुनिको विवाहोत्सव, न्वारानजस्ता केही सन्दर्भमा मात्र हर्ष तथा खुसीलाई प्रकट गर्ने परिस्थिति देखापर्छ नत्र सदैव सन्थालहरूको कष्टपूर्ण नियतिले नै यस उपन्यासको वातावरणको निर्माण गरेको पाइन्छ ।

परिवेशविधानका दृष्टिले हेर्दा *आतोओडा* उपन्यासको परिवेश विधान स्थानीय र विशिष्ट देखिन्छ । उपन्यासको भौगोलिक परिवेश पूर्वी नेपालको झापा जिल्लाको दक्षिणी भेग हो भने सामाजिक परिवेश अल्पसंख्यक सन्थाल (सतार) जातिको बस्ती (*आतोओडा*) हो। खड्का (२०२५) का अनुसार यो परिवेशले पूर्वी नेपालका सीमान्तकृत सन्थाल जातिको यथार्थ अवस्थालाई उजागर गरेको छ । अधिकारी (२०८०) ले उपन्यासमा सन्थाल जातिको जन्म, मृत्यु र विवाहजस्ता विशिष्ट सांस्कृतिक परिवेशलाई मौलिक रूपमा उतारिएको पुष्टि गरेका छन् । यस दृष्टिले उपन्यासको विश्लेषण गर्दा उपन्यासकार खतिवडाले झापाको सीमान्तकृत सन्थाल समाजको बहुआयामिक पक्ष, मनोविज्ञान र भोगाइलाई उपन्यासको मुख्य परिवेश बनाएर यो उपन्यासको रचना गरेको देखिन्छ ।

## सारवस्तु वा विचार

राज्यको उपेक्षा तथा जातीय उत्पीडनका कारण सन्थालहरू अहिले पनि सीमान्तकृत अनागरिकका रूपमा बाँच्न अभिशप्त छन् भन्नु *आतोओडा* उपन्यासको सारवस्तु वा मूल विचार हो । यस विचारलाई अभिव्यक्त गर्न उपन्यासमा कथावस्तुका जेजस्ता आयामहरूलाई प्रस्तुत गरिएको छ त्यसले उपन्यासमा अन्य कतिपय सूक्ष्म विचारहरूलाई समेत अभिव्यक्त गरेको पाइन्छ । यस उपन्यासमा सामाजिक तथा वर्गीय असमानता, श्रमशोषण, आर्थिक विपन्नता, वर्गीय अन्तर्द्वन्द्व, नारीपीडाहरूका साथै सन्थालहरूमा जन्मदेखि मृत्युसम्मका कतिपय संस्कार र संस्कृतिलाई मुख्य विषय बनाइएको यस उपन्यासले उठाएका प्रमुख वैचारिक पक्षहरू निम्नअनुसार देखिन्छन् :

### *सन्थाल जातिका सांस्कृतिक मूल्यहरू*

*आतोओडा* उपन्यासले सन्थाल समुदायको जीवनयात्रालाई मात्र होइन, उनीहरूको सांस्कृतिक पक्षलाई पनि सजीव रूपमा प्रस्तुत गरेको छ । उपन्यासमा सन्थाल जातिका जन्मदेखि मृत्युसम्मका केही संस्कारहरूको चिनारी दिइएको छ । उपन्यासको प्रारम्भमा नै न्यापेल अर्थात् टिकोटालो संस्कारका बारेमा चर्चा गरिएको छ भने दोस्रा खण्डमा बाप्ला अर्थात् विवाह संस्कारका बारेमा चर्चा भएको छ । यसै गरी मङ्लुको नामकरण गर्दा न्वारान संस्कारको र सुकरदेवको मृत्युका सन्दर्भमा मृत्युसंस्कारको चर्चा भएको छ । काव्यमा मेला तथा पर्वहरूमा सन्थालहरूले प्रस्तुत गर्ने गीत तथा नृत्यलाई पनि चित्रण गरिएको छ । उपन्यासमा चर्चा भएका न्यापेल र बाप्लाजस्ता विवाह संस्कारहरूलका माध्यमबाट सन्थाल समुदायको सामाजिक जीवनमा यस्ता संस्कारहरू केवल व्यक्तिगत सम्बन्ध मात्र नभई सामुदायिक एकताको प्रतीकका रूपमा रहने कुरालाई सङ्केत गरिएको छ । उपन्यासमा चित्रण गरिएका सन्थालहरूका धार्मिक विश्वास, देवता–पूजा, अनुष्ठान र आध्यात्मिक अभ्यासहरूले उनीहरूको समुदायलाई आध्यात्मिक शान्ति मात्र नभई सांस्कृतिक पहिचान पनि दिएको यथार्थलाई अभिव्यक्त गरिएको छ ।

### *सीमान्तीकरण र आवाजविहीनता*

*आतोओडा* उपन्यासमा इतिहासदेखि वर्तमानसम्म नै सन्थालहरूले सीमान्तमा रहेर जीवननिर्वाह गर्न बाध्य हुनुपरेको वस्तुथार्थलाई प्रस्तुत गरी उनीहरूको ऐतिहासिक सीमान्तीयता र भूमिविहीनताको अवस्थालाई प्रस्तुत गरिएको छ । सन्थालहरूको इतिहास झापाको झोडा (जमङ्लुल) फडानी गरी कृषियोग्य भूमि बनाउने आदिम श्रमसँग जोडिएको भए पनि इतिहासका विविध कालखण्डमा उनीहरू कसरी आफ्नै भूमिबाट विस्थापित भए भन्ने कुरालाई उपन्यासले मार्मिक रूपमा देखाएको छ । बुधिनका हडमबाका पनि हडमबाले झोडा फडानी गरी आवादी सुरु गरेको यथार्थलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ : "उनी पहिलोचोटि यो ठाउँमा आउँदा चारैतिर झोडा थियो रे ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

हडमबासमेत उनका पाँचजना साथी काँडमा धनुवाणको ढोक्सो बोकेर जमङ्लुलमा जनावर लख्ट्ता लखेट्तै कुन दिन मेची खोला तरेर यता आए कसैले हेक्कै राख्न सकेन (खतिवडा, २०८१, पृ. १३५)।"

नेपाल छिरेर उनीहरूले नै औलोको प्रकोपसँग लड्दै आवादी सुरु गरे पनि उनीहरू किर्ते र जालझेलको सिकार भएका छन्। पहाडबाट झरेका टाठाबाठा मालिकहरूले सोझा सन्थालहरूलाई हुक्का खुवाएर, दुई-चारवटा भाँडाकुँडा, सुर्तीको मुठा र दुईवटा मोहर दिएर उनीहरूको जग्गामा औँठाछाप लगाई किर्ते कागज बनाएको ऐतिहासिक विभेदलाई उपन्यासले यसरी वस्तुगत रूपमा उजागर गरेको छ :

> जग्गा नापेर कागज दिने साहेबको टोली गाउँ घुम्दै छ भन्ने हल्ला चलेका दिन राति उनको जग्गा साटेर बसेका पहाडे मालिकले हडमबालाई आफ्नो घरमा बोलाए। कति माया गरे। उनको टुरटुर गर्ने नलीबाट धुवाँ उडाउन पनि दिए। त्यति माया गर्ने मालिकको कुरा कसरी नाइ भन्न सक्थे र। उनले भनेकै ठाउँमा बोटुकोमा राखेको ध्वाँसोमा बुढीऔँला चोपेर कागजमा धस्काइदिएछन्। (पृ. १३९)

यही किर्ते प्रवृत्तिका कारणले उनीहरू भौगोलिक विस्थापनको पीडा भोग्न अभिशप्त छन्। जग्गाविहीन भएकै कारण बुधिनको परिवार आठ पटकभन्दा बढी (चप्रामारी, धोबिनिया, बरगाछी, पाटागाडा हुँदै मजुवा) बसाइँ सर्न बाध्य हुनुले सन्थालहरूको अस्थिर र सीमान्तकृत भौगोलिक उपस्थितिलाई देखाएको छ।

*आतोओडा* उपन्यासमा सन्थालहरूले भोग्नुपरेको कानुनी सीमान्तीयता र अनागरिकताको पीडालाई अत्यन्तै वस्तुगत रूपमा प्रस्तुत गरिएको छ। वास्तविकतामै अहिलेसम्म धेरै सतारहरूको नागरिकता नभएका कारण उनीहरू अनागरिक भएरै बस्न बाध्य छन्। नागरिकता र राज्यको कानुनी दस्तावेज नहुँदा एउटा नागरिक कसरी आफ्नै देशमा 'अनागरिक' र 'आवाजविहीन' बन्छ भन्ने कुरा उपन्यासको केन्द्रीय विषय हो। उपन्यासमा बुधिनले रगत-पसिना बगाएर, खसी, कुखुरा र आफ्नो पसलसमेत बेचेर एक लाख चौध हजार आठ सय रुपैयाँ जम्मा गरी दश धुर जग्गा आफ्ना नाममा पास गर्न लाग्दा नागरिकता नभएका कारण मालपोतमा जग्गा पास हुन सक्दैन। ऊ नागरिकता पाउनका लागि वडा र नगरपालिका धाउँदा बाबु तथा हजुरबाबुको नागरिकता र स्थायी ठेगाना नभएका कारण सिफारिस नपाएकाले नागरिकता बनाउन सक्तैन। यसलाई हेर्दा राज्यको संरचना सीमान्तकृत समुदायप्रति कति कठोर र विभेदकारी छ भन्ने पुष्टि हुन्छ।

प्रस्तुत उपन्यासको अन्त्यमा सीमान्तकृत समुदायमाथिको राज्यको क्रूरता र राजनीतिको ढोँगी चरित्रलाई नग्न रूपमा प्रस्तुत गरिएको देखिन्छ। बुधिनले घरायसी लिखत गरेर बनाएको घर र जग्गा भर्खरै बनेको कालोपत्रे बाटोमा पर्छ र उसलाई जग्गा खाली गर्न निर्देशन दिइन्छ। साहु जग्गा बेचेर भागिसकेको हुनाले ऊ उपायहीन बन्नपुग्दछ। यस कथ्यका माध्यमबाट उपन्यासमा सीमान्तकृत समुदायका मानिसहरू कसरी षड्यन्त्रको जालाका बेरिन पुग्छन् भन्ने कुरालाई देखाउन खोजिएको छ। बुधिन र फूलमुनिको भविष्य अन्धकारमा धकेलिँदै गएका अवस्थामा चुनावको बेला नेताहरू *जसको जोत, उसकै पोत* भन्दै भोटको राजनीति गरिरहेका छन्। यसले सीमान्तकृत समुदाय राजनीतिक दलहरूका लागि केवल भोट बैंक मात्र हुन् भन्ने तितो यथार्थलाई समेत प्रस्तुत गरेको छ।

यसरी प्रस्तुत *आतोओडा* उपन्यासमा व्यवस्था बदलिए पनि सीमान्तकृत सन्थाल समुदायको अवस्था बदलिएको छैन भन्ने मूल सीमान्तीय चेतनालाई प्रस्तुत गरिएको पाइन्छ। नागरिकता, जग्गा धनीपुर्जाजस्ता विषयमा राज्यको कानुनी प्रक्रियाका कारणबाट मात्र नभई बजारिया टाठाबाठाहरूको षड्यन्त्रका कारण सोझा र निरक्षर सन्थालहरू कसरी सीमान्तकृत भई आवाजविहीन बनेका छन् भन्ने कुरालाई नै यस उपन्यासले स्पष्ट पारेको छ। सम्भ्रान्त वर्ग सधैँ सीमान्तकृत समूहलाई पाखा लगाउन र उनीहरूको श्रमशोषण गर्न कसरी उद्यत रहन्छ भन्ने मूल कथ्यलाई उपन्यासमा विभिन्न घटनासन्दर्भका माध्यमबाट स्पष्ट पारिएको छ। यसरी सन्थालहरूको वास्तविक सीमान्तीयतालाई यथार्थवादी शिल्पका माध्यमबाट प्रस्तुत गर्नु यस उपन्यासको मुख्य उद्देश्य हो।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान।*

***नारी उत्पीडन***

*आतोओडा* उपन्यासमा समाजमा पुरुषहरूको सम्प्रभुताका कारण नारीहरूले भोग्नुपरेको पारिवारिक उत्पीडनलाई केवल जातीय समस्याका रूपमा नभई सिङ्गो लैङ्गिक समस्याका रूपमा चित्रण गरिएको छ । पौरो अर्थात् रक्सीको लतमा परेको सुराहीबाट फूलमुनि प्रताडित भएकी छ । गर्भधारणको कठिन परिस्थितिमा समेत जीविका चलाउनका लागि उसले सङ्घर्ष गर्नुपरेको छ । फूलमुनि एकातिर आफ्नै लोग्ने सुराहीको घरायसी हिंसाबाट पीडित छे भने अर्कातिर मालिकका घरमा बिनाज्याला घरको कामधन्दा गर्न बाध्य पारिएकी छ । उसले सुराहीको मृत्युपछि बुधिनसँग दोस्रो विवाह गर्नु परेको छ । यहाँ विवाहलाई पनि नारीको जीवननिर्वाहका लागि बाध्यकारी व्यवस्थाका रूपमा हेरिएको छ । उपन्यासमा लुखीले आफ्नो इच्छा विपरीत आइतुसँग विवाह गरेकी छ भने आर्थिक जटिलताका कारण बुधिनले रीत बुझाउन नसक्ता नचाहेर पनि लुखी आइतुसँगै जान बाध्य भएकी छे । नारी भएकै कारण भोग्नु परेका भोकतिर्खाजस्ता प्रताडनाहरूलाई फूलमुनिका माध्यमबाट उपन्यासमा प्रस्तुत गरिएको छ । लट्टुमई पुरुष उत्पीडनलाई भोग्न बाध्य पारिएकी अर्की चरित्र हुन् । मालिकका घरमा नोकर बस्दा पुरुषहरूको यौनिक हिंसाबाट लट्टुमई प्रताडित भएकी छे । मालिककी श्रीमती सुत्केरी भएका बेलामा सुत्केरी स्याहारमा रहेकी लट्टुमई दुई जिउकी भएकी छ । यसरी मालिकको घरमा काम गर्न बसेकी सन्थाल युवती 'लट्टुमई' माथि मालिककै घरमा यौनशोषण भएको छ । समाजले केरकार गर्दा उसले वास्तविक अभियुक्तलाई चिनाउन सकेकी छैन । उसले भावनात्मक सम्बन्धमा रहेको सोमुलाई देखाए पनि वास्तवमा ऊ मालिककै यौनशोषणमा परेको प्रतीत हुन्छ ।

***सामाजिक असमानता र श्रमशोषण***

*आतोओडा* उपन्यासले सन्थाल समुदायको जीवनयात्राको चिनारीका माध्यमबाट सामाजिक असमानता र श्रमशोषणलाई अभिव्यक्त गरेको पाइन्छ । सन्थालहरूको गरिबी, अशिक्षा र मालिक–हली सम्बन्धको अन्यायपूर्ण संरचनालाई उपन्यासमा प्रमुखताका साथ प्रस्तुत गरिएको छ । सन्थालहरू श्रमशोषणमा रहे पनि उनीहरूले त्यसको प्रतिकार गर्न सकेका छैनन् । सतार जेठा तथा सुकरदेवजस्ता पहिलो पुस्ताका सन्थालहरू मालिकको काम गर्नुलाई नै आफ्नो सुकर्म मान्दछन् । उनीहरू जुनसुकै अवस्थामा पनि मालिकले अह्राएको कुरा काट्दैनन् । बुधिन तुरसाजस्ता नयाँ पुस्ताका व्यक्तिहरू भने प्रतिकारमा उत्रन सुरु गरेका छन् तर तल्ला वर्गको आवाज दबाइएका कारण तुरसाजस्ता पात्रहरूले उत्पीडनको सिकार हुन बाध्य हुनुपरेको छ । उपन्यासका सबै पात्रहरू जमिनविहीन छन् । उनीहरू श्रम बेचेर मात्र बाँच्न बाध्य छन् । मालिकको अधीनमा काम गर्नुपर्ने बाध्यता र त्यसबाट उत्पन्न शोषणले उनीहरूको जीवनलाई पीडादायी बनाएको छ । सुकरदेव, बुधिन, सतार जेठालगायतका सबै पात्रहरूले यस यथार्थलाई प्रत्यक्ष भोगेका छन् । फूलमुनिले बिनाज्याला मालिकका घरको कामधन्दा गरिदिनुपरेको छ । बाख्रालाई घाँस काट्न टाँकीको रुखमा चढ्दा खसेर खुट्टा भाँचिँदा पनि मालिक पक्षबाट सुकरदेवले उचित उपचार पाएको छैन । यसलाई श्रमको चरम शोषणका रूपमा लिन सकिन्छ । आर्थिक रूपमा सीमान्तकृत सन्थाल समुदायको जीवन केवल अमानवीय श्रम र हली-गोठालो प्रथामा सीमित छ । उनीहरूको श्रमको कुनै मूल्य छैन । मालिकहरूको श्रमशोषणको प्रताडना भोगेरै उनीहरूको जीवन समाप्त भएको कथ्यका माध्मबाट प्रस्तुत उपन्यासमा आर्थिक विपन्नताका कारण सीमान्तकृत सन्थालहरूमाथि चरम श्रमशोषण भएको वस्तु यथार्थलाई प्रस्तुत गरिएको छ । यसरी उपन्यासले सन्थालहरूका सामाजिक असमानता, श्रमशोषण, वर्गीय उत्पीडनलाई नै मुख्य रूपमा प्रस्तुत गरेको देखिन्छ ।

***शोषणप्रतिको प्रतिरोध***

*आतोओडा* उपन्यासमा अभिव्यक्त प्रतिरोधको स्वर केही मात्रामा गुन्जित भए पनि निष्प्रभावी नै बनेको देखिन्छ । यस उपन्यासका केही पात्रहरू उत्पीडन र हैकमका विरुद्धमा उठ्न खोजे पनि परिणाम उनीहरूको हात पर्न सकेको छैन तर पनि उपन्यासमा अभिव्यक्त प्रतिरोधको स्वरलाई व्यञ्जनाका तहबाट सशक्त रूपमा अभिव्यक्त गरिएको छ ।

*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

वैचारिक र शैक्षिक प्रतिरोध *आतोओडा* उपन्यासमा गुन्जिएको एउटा प्रतिरोधको स्वर हो ।उपन्यासकी केन्द्रीय नारी पात्र फूलमुनि परम्परागत नियतिवाद, गरिबीको प्रताडना र अशिक्षाको साम्राज्यविरुद्ध वैचारिक प्रतिरोध गर्ने सबैभन्दा सचेत स्वर हुन् । उनका पुर्खाहरू 'कागज र अक्षर' चिन्न नसक्दा पहाडे साहुहरूको किर्ते औँठाछापको सिकार भए र आफ्नै भूमिमा हली बन्न पुगे । उपन्यासमा फूलमुनिले यस विषयलाई यसरी उठाएकी छिन् "तिमीले हल चलाउन त सिकायौ तर कलम चलाउन सिकाएनौ पिल्चुबुढी । कलमचलाउन सिकाको भा आज हाम्रो आफ्नै जमिन हुन्थ्यो । घर हुन्थ्यो (खतिवडा, २०८१, पृ. ३२) ।" यो ऐतिहासिक सत्य बुझेकी फूलमुनि आफ्नो छोरा मङ्लुलाई खोलामा माछा/गँगटा मार्न र अर्काको घरमा हली बस्नबाट रोक्न चाहन्छिन् । उनी मङ्लुलाई सम्झाउँछिन्, "यसरी सधैँ माछा पक्डिन जानुहुँदैन बाबु ! कलम पक्डिन जानिस् भने मालिकको जस्तै ठुलो घर पाउँछस् । कागज पढ्न आयो भने आफ्नै जमिन बनाउन सक्छस् (खतिवडा, २०८१, पृ. ३६) ।" उनी आदिम पुर्खा पिल्चु हाडामसँग प्रार्थना गर्दै भन्छिन्— "मेरो छोराको हातमा फरुवा नदेऊ है, म आफैँ कलम दिन्छु (खतिवडा, २०८१, पृ. ३६) ।" यी सन्दर्भलाई शासक वर्गले कायम राखेको अशिक्षाको संरचनाविरुद्ध सन्थाल जातिको तर्फबाट उठाइएको प्रखर वैचारिक प्रतिरोधका रूपमा लिन सकिन्छ ।

आर्थिक र श्रमशोषणविरुद्धको प्रतिरोध यस उपन्यासमा पाइने प्रतिरोधको अर्को आयाम हो । उपन्यासको मुख्य पात्र हली बस्न अस्वीकार गरी यस किसिमको प्रतिरोधको स्वरलाई प्रस्तुत गर्दछ । बुधिनका बुबा सतारजेठा, काका सुकरदेव र जेठा दाजु तुरसा र सुराही मालिकको घरमा हली बसेरै जीवन सिध्याउँछन् । बुधिनलाई उसका बाबुले पनि हली बस्न दबाब दिए पनि ऊ मालिकको गोठालो बस्न मन नलागेर भाग्छ । ऊ साहुको हैकम र प्रभुत्वलाई स्वीकार गर्दैन । ऊ यसको प्रतिरोध गर्दै भन्छ "म मालिकका घरको गोरु हुँ र जुन बेला मन लाग्छ नारेर जोत्ने (खतिवडा, २०८१, पृ. ४५) ?" ऊ हली बस्नुको साटो सुरुमा मेलामा चिसो बरफ बेच्छ, पछि फिरफिरे बेच्छ, फूलमुनिलाई मुरै बेच्न सघाउँछ र सीतापुरीतिर गएर ढलाइको श्रम (काम) गर्छ । साहुको ग्वालीमा सित्तैमा गोबर सोहोर्नु र घाँस काट्नुभन्दा आफ्नो स्वतन्त्र श्रम बेचेर पैसा जोहो गर्नु आर्थिक र श्रमशोषणविरुद्धको उसको मौन तर दरो प्रतिरोध हो ।

उपन्यासमा बुधिनका दाजु तुरसाको आर्थिक र श्रमशोषणविरुद्धको प्रतिरोधलाई सशक्तताका साथ प्रस्तुत गरिएको छ । ऊ हली भएर किमार्थ बस्न चाहँदैन । ऊ भन्छ "पशु नै बनाउन मन छ भने घाँटीमा दाम्लोले बानेर घिस्याएर पुऱ्याइदेऊ मालिकका घरमा नभए मान्छेजस्तै बाँच्न देऊ (खतिवडा, २०८१, पृ. ८०) ।" आफ्नो बाजेका पनि बाजे (हडमबा) ले रगत-पसिना बगाएर फडानी गरेको जग्गा पहाडे साहुहरूले हुक्का ख्वाएर र दुईवटा मोहरको लोभ देखाएर किर्ते औँठाछापमार्फत हडपेको तथ्यप्रति तुरसामा चरम आक्रोश पैदा भएको छ । ऊ भन्छ - "हडमबाले तेत्रो दु:ख गरेर झोडा फाँडेर बनाको जमिन हाम्रो न"भर उन्को कसरी ? फेरि त्यो जमिनमा सप्पै काम हामीले गरेपछि फलेको अन्न हाम्रो न"भर उन्को कसरी (खतिवडा, २०८१, पृ. ८६) ?" यही कारण ऊ कसैको हेपाइ सहन नसक्ने विद्रोही स्वभावको चरित्रका रूपमा देखापरेको छ । तुरसा निधारमा तारा भएको रातो कपडा बाँध्ने टोलीमा सामेल हुन्छ । जग्गा हडप्ने साहुहरूलाई राति घरबाट घिसारेर खोलाको बगरमा भाटे कारबाही गर्न ऊ पछि पर्दैन । वर्गीय शोषणकै प्रतिरोधका लागि चौतारामा बम पड्काउन पनि ऊ पछिपरेको छैन । यसरी प्रतिरोधमा उत्रिए पनि सबाल्टर्न पात्र भएकै कारण उसको प्रतिरोध खास महत्त्वको हुन सकेको छैन । अन्ततः ऊ पक्राउ परेको छ र उसको लास रतुवा खोलाको बगरमा भेटिएको छ ।

सामाजिक र लैङ्गिक शोषणविरुद्धको प्रतिरोध यस उपन्यासमा पाइने प्रतिरोधको अर्को आयाम हो । उपन्यासका पात्रहरूले जातीय दलनका साथै समुदायभित्र र बाहिर हुने लैङ्गिक शोषणविरुद्ध पनि प्रतिरोधको स्वर उरालेका छन् । लट्टुमई मालिककै घरमा बस्दा यौनशोषणको सिकार भई छोरी जन्माउन बाध्य हुनाका साथै पछि बेपत्ता भएको कारुणिक इतिहास फूलमुनिलाई थाहा छ । त्यसैले सुकरदेव र सुराहीले साहुको घरमा सँगै बस्न जान

दबाब दिँदा फूलमुनि रुँदै प्रतिवाद गर्छे । ऊ साहुनीको आदेशमा सित्तैमा काम गर्नुपर्दा र लोग्ने रक्सी (पौरो) को लतमा परेर कुटपिट गर्दा माइत भागेर प्रतिरोध प्रकट गर्छे । यो लैङ्गिक शोषणविरुद्धको प्रतिरोधको स्वर हो ।

उपन्यासको परिणतिसम्म पुग्दा सन्थालहरूका यी विभिन्न किसिमका प्रतिरोधहरू राज्यको विकासवादी र कानुनी हैकम अगाडि पराजित भएका छन् । फूलमुनि र बुधिनले आफ्नो सर्वस्व बेचेर रगत-पसिनाको १ लाख १४ हजार ८ सय रुपैयाँ जोहो गरी घरायसी लिखतमा १० धुर जग्गा किनेर घर बनाए पनि उनीहरूको घरमाथि 'कालोपत्रे सडक' गुडेको छ भने उनीहरूको उठिबास लागेको छ । चुनावको बेला माइकमा "जसको जोत, उसकै पोत" को प्रगतिशील नारा त घन्किन्छ तर जमिन फाँड्ने वास्तविक धर्तीपुत्र सन्थालहरू भने अनागरिक र सुकुम्बासी भएका छन् । राज्यको यस किसिमको कपटी चरित्रमाथि उपन्यासले अभिव्यञ्जनाका तहमा प्रतिरोध दर्साएको देखिए पनि सन्थालहरूको सीमान्तकृत वस्तुयथार्थलाई यस उपन्यासमा साध्य विषय बनाइएको पाइन्छ ।

**दृष्टिविन्दु**

*आतोओडा* तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको उपन्यास हो । तृतीय पुरुष सीमित दृष्टिविन्दुको प्रयोग गरिएको यस उपन्यासका घटनाहरू फूलमुनि र बुधिनका संवेगका माध्यमबाट प्रस्तुत भएका छन् ।यहाँ लेखकले आफू तटस्थ भएर 'ऊ', 'उनीहरू', 'त्यो' जस्ता तृतीय पुरुष सर्वनाम र पात्रहरूको प्रयोग गर्दै घटनाहरूलाई प्रस्तुत गरेका छन् । उपन्यासमा कथालाई अगाडि बढाउने मुख्य माध्यम प्रमुख नारी पात्र फूलमुनिलाई बनाइएको छ । पहिलो खण्ड 'न्यापेल' देखि लिएर बाह्रौँ खण्ड 'कागज' सम्मका सन्थाल समुदायको सांस्कृतिक परम्परा, आर्थिक विपन्नता, साहुको घरमा भोग्नुपरेको शोषण र अन्तमा अनागरिक बन्नुपरेको पीडा फूलमुनिकै विचार र बुझाइको कसीमा घोटिएर प्रस्तुत भएका हुनाले यस उपन्यासमा पात्र-केन्द्रित तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

*आतोओडा* उपन्यासमा दृष्टिविन्दुलाई प्रभावशाली बनाउन पूर्वदीप्ति शैलीको व्यापक प्रयोग गरिएको छ । उपन्यासमा वर्तमान र अतीतको दोहोरो यात्रालाई सँगसँगै प्रस्तुत गरिएको छ । उपन्यासमा एकतर्फ फूलमुनिको वर्तमान यथार्थको (बुधिनसँगको दाम्पत्य, दोकानको मोलमोलाइ, सुत्केरी हुनु, जग्गा किन्दा नागरिकता नहुनु र सुकुम्बासी बन्नु) समाख्यान गरिएको छ भने पूर्वदीप्तिका माध्यमबाट त्यही वर्तमान अवस्थामा उभिएर फूलमुनिले आफ्नो अतीतको अवगाहन गरेको विषयलाई प्रस्तुत गरिएको छ । उपन्यासमा फूलमुनीले सुराहीसँग भएको बिहे (बाप्ला), पहिलो प्रसवपीडा, लोग्नेको रक्सीको लत, नन्द लट्टुमईमाथि मालिकको घरमा भएको यौनशोषण र तुरसाको विद्रोही चेत एवं अवसानलाई वर्तमानमा उभिएर स्मरण गरेकी छन् ।

उपन्यासका केही प्रसङ्गमा भने बुधिनका संवेगका माध्यमबाट विषयवस्तुलाई प्रस्तुत गरिएको छ । उपन्यासको एघारौँ खण्ड 'घर' मा बुधिनका हजुरबा (हडमबा) को पालादेखि जङ्गे महाराजको आगमन र पहाडे मालिकहरूले औँठाछाप गराई सन्थालहरूको जग्गा हडपेको ऐतिहासिक सन्दर्भलाई बुधिनका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ " ऊ थाह पाउने भएदेखि योसम्म आठ पटक भयो घर सरेको । कहिले कता कहिले कता । कुनै ठाउँमा खुट्टा अड्याएर बस्न पाइएन । कुनै ठाउँमा दिगो बसाइ भए पो त्यो ठाउँको रस बस्छ । माटाले उसका पाइला नचिनेको हो कि उसले माटो चिन्न नसकेको हो बुधिनले केही बुझ्न सकेन (खतिवडा, २०८१, पृ. १३४) ।" यसरी *आतोओडा* उपन्यासमा पूर्वदीप्ति पद्धतिको उपयोग गरिएको बाह्य वा तृतीय पुरुष सर्वज्ञ दृष्टिविन्दुमा आधारित उपन्यासका रूपमा देखा पर्दछ । लेखकले बाहिरै बसेर कथा भने पनि फूलमुनि तथा बुधिनका संवेदनशील र विवेकशील मनोगत स्थितिलाई केन्द्रमा राखेकाले उपन्यासमा सन्थाल समुदायको कारुणिक गाथा अत्यन्त सजीव, यथार्थपरक र मर्मस्पर्शी रूपमा अभिव्यक्त हुन सकेको छ ।

**भाषाशैली**

*आतोओडा* यथार्थवादी शैलीमा लेखिएको उपन्यास हो । झापाको गौरादह क्षेत्रका रैथाने सन्थाल समुदायको जीवनलाई चित्रण गरिएको यस उपन्यासमा उनीहरूको जीवनशैलीलाई अभिव्यक्त गर्नसक्ने

भाषाशैलीको प्रयोग भएको पाइन्छ । उपन्यासमा सन्थाल भाषाका धेरै शब्दहरूको प्रयोग भएको पाइन्छ । लेखकले सन्थाल समुदायको रहनसहन र संस्कृतिलाई जस्ताको त्यस्तै उतार्न नेपाली भाषाको जगमा सन्थाली शब्दहरूको प्रचुर मात्रामा प्रयोग गरेको पाइन्छ । उपन्यासमा सांस्कृतिक र पारिवारिक नाता बुझाउने गोगो (आमा), हपनगो (काकी), बबु (भाइ), हपनबा (काका), हडमबा (हजुरबा), तियाङ (भिनाजु), नन्द (हपनमाई), जावाँयकोडा (ज्वाइँ केटो) जस्ता शब्दहरूका साथै  सन्थालहरूका परम्परा र संस्कार बुझाउने न्यापेल (टिकोटालो/फूलमाला), बाप्ला (बिहे), किचिडिवादी (बिहेको कुरा छिन्ने काम), गिरे (लगनको गाँठो), दौडो (ढाकी/टोकरी), मडुवा (जग्गे) जस्ता शब्दहरूको प्रयोग गरिएको पाइन्छ । यसै गरी हन्डी (जाँड), पौरो (रक्सी), तरहद (गोहोरोको मासु), गोडु (मुसाको मासु) जस्ता खानपिन जनाउने, ठाकुरज्यू (सृष्टिकर्ता), माराङबुरु (प्रधान देवता), मन्झी थान (पूजास्थल/चौतारो), माझीहाडाम (गाउँको मूली/मुखिया), राइबारहाडाम (लमी) जस्ता धार्मिक र लोक व्यवहारमा प्रयोग हुने शब्दहरूको समुचित व्यवस्थापन गरिएको छ । यसले उपन्यासमा सन्थाल जातिको जातीय प्रतिनिधित्व र पहिचानलाई व्यक्त गर्न सहज भएको छ ।

*आतोओडा* उपन्यासमा कथानकको संरचनालाई सरल रेखाबाट मात्र नभई पूर्वदीप्ति शैलीको प्रयोग गरी प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त भाषाले वर्तमानको यथार्थ (जस्तैः बुधिन र फूलमुनि दोकान हेर्न हिँडेको वा मालपोतमा जग्गा पास गर्न गएको समय) लाई समात्दा-समात्दै अचानक अतीतको स्मृतिमा फड्को मारी फूलमुनिको चेतना र सम्झनाका माध्यमबाट भाषाले विगतका घटनाहरू (सुराहीको प्रताडना, लट्टुमईको यौनशोषण, तुरसाको विद्रोह) लाई वर्तमानकै रूपमा जीवन्त बनाएर प्रस्तुत गरेको छ । यो शैलीले  उपन्यासलाई संवेगात्मक र कुतूहलपूर्ण बनाएको छ । यसलाई यस कृतिको शैलीगत वैशिष्ट्यका रूपमा लिन सकिन्छ । उपन्यासमा कथोपकथन वा संवादको पनि ससक्त रूपमा नै प्रयोग गरिएको पाइन्छ । उपन्यासमा वर्णात्मकता र संवादात्मकताको समान रूपमै प्रयोग भएको कुरालाई निम्नअनुसारका सन्दर्भबाट स्पष्ट पार्न सकिन्छ :

*एकछिन बुधिन अक्कमक्क पऱ्यो ।*

*"तर मालिकले त मलाई यही जग्गा देखाका थे ।"*

*"तँलाई यही जग्गा देखाको भा उल्ले तँलाई झुक्याएछ । अब यसमा त म केही गर्न सक्तिनँ । यो मेरो जग्गा चाहिँ तैले छोड्नुपर्छ ।"*

*"अनि मेरो पैसा चाहिँ ?" बुधिनको स्वर काम्दै काम्दै निस्कियो ।*

*"पैसा मलाई देको होइनस् त, जल्लाई दिकोथिस् उतैबाट ली । "*

*बूढाका कुरा सुनेर बुधिनका नौनारी गले ।* (खतिवडा,२०८१, पृ. १६३)

उपन्यासमा प्रयोग भएको यस किसिमको शैलीले घटनालाई नाटकीकृत रूपमा प्रस्तुत गर्न विशेष भूमिका खेलेको छ । संवादका क्रममा प्रयोग गरिएको कथ्य भाषाले उपन्यासमा भाषिक जीवन्नता प्रदान गरेको देखिन्छ । उपन्यासमा क्लिष्ट एवम् दार्शनिक शब्दहरूभन्दा पनि पात्रहरूको दैनिक जीवनसँग जोडिएका सरल भाषाको नै प्रयोग गरिएको पाइन्छ । त्यसो त उपन्यासमा पात्रहरूको मनोविज्ञान र चरित्रलाई बुझाउन प्राकृतिक तथा स्थानीय बिम्बहरूको समेत सुन्दर प्रयोग गरेको देखिन्छ । फूलमुनिले पहिलोपल्ट सुराहीलाई मेलामा देख्दा मन नपराएर "छि ! पाकेको किम्बुजस्तो"  भन्ने भनाइले सुराहीको शारीरिक रूप र फूलमुनिको उसप्रतिको अरुचिलाई बिम्बात्मक रूपमा प्रस्तुत गरेको छ भने सुराहीले भनेको भक्का शब्दले फूलमुनिको शारीरिक बनावटलाई स्पष्ट रूपमा बिम्बीकरण गरिदिएको छ । उपन्यासमा 'कागज' (नागरिकता/जग्गाको धनीपुर्जा) लाई अधिकार, पहिचान र अस्तित्वको बलियो प्रतीकका रूपमा प्रस्तुत गरिएको छ भने 'कलम र हल' लाई क्रमशः चेतना (शिक्षा) र शारीरिक श्रम (दासता) का प्रतीकका रूपमा उभ्याइएको छ । यस आधारमा विश्लेषण गर्दा बिम्वात्मकता र अन्योक्तिमूलकता पनि यस उपन्यासका शिल्पगत वैशिष्ट्य बनेका देखिन्छन् । अधिकारी (२०८०) का अनुसार स्थानीय सन्थाल

भाषाको बहुलताले गर्दा गैर-सन्थाल पाठकलाई बुझ्न कताकति अवरोध सिर्जना भए तापनि कृतिको काव्यिक बिम्ब र सरल, मिठासपूर्ण शैलीका कारण यसको विधागत शिल्प उत्कृष्ट बन्न पुगेको छ। समग्रमा नेपाली भाषामा सन्थाली लवज र संस्कृतिलाई मिसाएर लेखकले एउटा विशिष्ट, जीवन्त र पहिचानवादी शैलीको निर्माण गरी यो उपन्यासको संरचना निरमाण गरेकी छन् । विषयवस्तु तथा पात्रअनुकूलको जीवन्त शैलीका कारण पनि यस कृतिको सौन्दर्यमा विशिष्टता थपिएको पाइन्छ ।

## निष्कर्ष

जानुका खतिवडाद्वारा लिखित प्रस्तुत उपन्यास *आतोओडा* नेपाली आख्यानजगत्मा सीमान्तकृत समुदायको आवाजलाई स्थापित गर्ने एक विशिष्ट र सामाजिक-यथार्थवादी कृतिका रूपमा देखापरेको छ । उपन्यासको कथानक परम्परागत रैखिक ढाँचामा मात्र सीमित नरही वर्तमान र अतीतको दोहोरो यात्रा गराउने पूर्वदीप्ति शिल्प र पात्र-केन्द्रित तृतीय पुरुष सीमित दृष्टिविन्दुमा आधारित हुनु यसको शिल्पगत विशिष्टता हो । उपन्यासमा फूलमुनिजस्ता स्वाभिमानी एवं विवेकशील नारी पात्र र बुधिनजस्ता उद्यमशील पात्रका माध्यमबाट सन्थाल जातिको आन्तरिक मनोविज्ञान, लैङ्गिक-वर्गीय भोगाइ र पहिचानको सङ्घर्षलाई जीवन्त रूपमा उतारिएको छ। उपन्यासमा परम्परागत रूपमा शोषणलाई नै नियति मान्ने पहिलो पुस्ता सुकरदेव र सतारजेठाको तुलनामा नयाँ पुस्ता बुधिन र तुरसाले हलीप्रथा, श्रमशोषण र राज्यको विभेदकारी नीतिविरुद्ध गरेको वैचारिक, आर्थिक एवं भौतिक प्रतिरोधलाई यस उपन्यासको विशिष्ट सारवस्तुका रूपमा लिनसकिन्छ । सीमान्तकृत सन्थालहरू अद्यापि भूमिविहीन तथा आवाजविहीन अवस्थामा बाँचिरहेका छन् भन्ने सारवस्तुलाई अभिव्यक्त गर्न यस उपन्यासमा प्रयुक्त विधागत अवयवहरूले उचित संरचक घटकका रूपमा काम गरेका छन्। नेपाली भाषाको जगमा प्रचुर मात्रामा रैथाने सन्थाली शब्दावली जस्तै न्यापेल, बाप्ला, गोगो, पौरो आदिको उपयोग गरी रचना गरिएको यस उपन्यासमा आञ्चलिक लवज, कथ्य शैली र संवादात्मकताले कृतिलाई मौलिक एवम् पहिचानवादी दस्तावेज बनाउन भूमिका खेलेको देखिन्छ । नाटकीकृत ढाँचामा विषयवस्तुको उपस्थापन गर्ने सरल तथा कहींकतै बिम्बात्मक शैलीका कारण कृति शिल्पगत दृष्टिले उत्कृष्ट बनेको छ । व्यवस्था बदलिए पनि राज्यसत्ता, भूमाफिया र बजारिया टाठाबाठाहरूको षड्यन्त्रका कारण भुइँमान्छेहरूको अवस्था अझै बदलिएको छैन भन्ने कटु राजनीतिक विडम्बनालाई उपन्यासले उदाङ्गो पारेको छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, ईश्वरमणि (२०८०,माघ १०), पहिचान र आवाज विहीनहरूको जीवन सङ्घर्षको कथा 'आतोओडा', साहित्यपोस्ट। https://sahityapost.com/top-news/134570/

खड्का, गिरबहादुर (२०२५), जानुका खतिवडाको आतोओडा उपन्यासमा सीमान्तीयता, *पृथ्वी वाङ्मय*, १५ (१), ७०-७९। https://doi.org/10.3126/pw.v15i1.85739

खतिवडा, जानुका (२०८१), *आतोओडा* (दो.सं.), काठमाडौँ : कमल प्रकाशन प्रा. लि. ।

नेपाल, देवी (२०७९), *लेखनशिल्प* (दो.सं.), काठमाडौँ : ऐरावती प्रा. लि. ।

प्रधान, कृष्णचन्द्र सिंह (२०६१), *नेपाली उपन्यास र उपन्यासकार* (चौ.सं.), काठमाडौँ : साझा प्रकाशन।

बराल, ऋषिराज (२०५६), *उपन्यासको सौन्दर्यशास्त्र*, काठमाडौँ : साझा प्रकाशन।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* , काठमाडौ : साझा प्रकाशन।

शर्मा, मोहनराज (२०४३), *समकालीन समालोचना: सिद्धान्त र प्रयोग*, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान।

सापकोटा, प्रदीप (२०८०, असार २७), सन्थाल समुदायको चित्रावली 'आतोओडा', साहित्यपोस्ट । https://sahityapost.com/top-news/115497/

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति*, वाराणसी : भूमिका प्रकाशन।


*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*